का.जि.प्र.का.द.नं. १००/०५९/६०
१२ जेठ २०७९, बिहीबार
26 May 2022, Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २०, अंक ११० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



हवाईबाट लिएको विश्व सम्पदा सूचीमा सूचिकृत बौद्धनाथ स्तूपा र त्यस वरपरको बस्ती । तस्वीर: रासस


ट्राफिक नियमको पालना गरौं

- बाटो काट्दा जेब्रा क्रसिङको प्रयोग गरौं,
- सडक बत्ती हेरेर मात्र बाटो काटौं,
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ नगरौं,
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ गरौं,
- पैदल यात्रीले फुटपाट तथा अकाशे पुलको प्रयोग गरौं ।

*सडक आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड


## विदेश सम्बन्धमाथि प्रश्न



सरकारको व्यवहार अमेरिकातिर ढल्के जस्तो हुनु भएन नि । त्यस्तो नहोस भन्नका लागि प्रतिपक्षको हैसियतमा सचेत गराउन मात्रै खोजिएको हो ।

**प्रदीप ज्ञवाली**
एमाले उपमहासचिव एवं पूर्व परराष्ट्रमन्त्री

**शिवराज परियार मध्यान्ह**
काठमाडौं, ११ जेठ ।

प्रमुख विपक्षी नेकपा एमालेका अध्यक्ष ओलीले वर्तमान सरकारको कुटनीतिक सन्तुलन कायम नराखेको भनी प्रश्न उठाएका छन् ।

नेपालको संविधानमै सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्ने भन्ने रहेकोमा वर्तमान सरकारले कुनै एक देशको पक्षमा लागेको भास हुने गरी गतिविधि गर्न थालेको ओलीको आरोप छ ।

– बाँकी पृष्ठ २ मा

### एमाले निष्कर्ष

# अन्तरघातले हारियो

०७४ को स्थानीय तहको चुनावमा सबैभन्दा ठूलो दलको रुपमा रहेको नेकपा एमाले ०७९ को स्थानीय चुनावबाट दोस्रो ठूलो दलमा झरेको छ । यसको प्रमुख कारण पार्टी भित्रकै अन्तरघात भएको निचोड निकबालिएको छ ।




**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, ११ जेठ ।

स्थानीय तहको अन्तिमा नतिजा सार्वजनिक नहुँदै बुधबार नेकपा एमालेको संसदीय दलको बैठक बस्यो । नयाँ वानेश्वर स्थित संसद भवन नयाँ वानेश्वरमा बसेको संसदीय दलको बैठकमा संसदीय दलका नेता केपी शर्मा ओलीले सम्बोधन गरे ।

चुनावी नतिजाले हतोत्साहित भएका सांसदहरुलाई उत्साहित बनाउने प्रयास ओलीले गरे । सांसदहरुलाई उत्साहित बनाउन उनले मेयरमा हारेको भए पनि उपमेयर एमालेले अरु दलले भन्दा धेरै जितेको उल्लेख गरे । उपमेयर पनि जिम्मेवारीका हिसावले मेयर जत्तिकै भएको भन्दै उनले उपमेयरको काम, कर्तव्य र अधिकारको विषयको विवेचना गरे ।

सांसदहरुका अनुसार समग्रमा एमालेले चुनाव हारेको स्वीकार अध्यक्ष ओलीले गरे । तर, हारको कारण पार्टी भित्रको अन्तरघात भएको निष्कर्ष सुनाए । पार्टी भित्रको अन्तरघात व्यवस्थापन गर्न नसक्दा प्रमुख पदहरुमा एमालेका उम्मेदवारहरु पराजित हुन पुगेको अध्यक्ष ओलीको निचोड छ । यही निचोडमा आधारित भएर उनले भनेका छन्, 'हारेर पनि एमालेले जितेको छ । किनभने एमालेको जनमत घटेको छैन् घटेको सिटहरु मात्रै हो ।' पाँच दलीय सत्ता गठबन्धनको घेराबन्दीलाई बलियो गरी तोड्न नसक्नुको कारण पार्टी भित्रकै अन्तरघात भएको अध्यक्ष ओलीको निष्कर्ष छ ।

'सांगठनिक अनुशासन तुलत्नात्मक हिसाबले बलियो एमालेमा यसपटक बढी नै अन्तरघात भयो । कांग्रेस र माओवादीमा भन्दा पनि बढी देखियो' ओलीले यसैमा थपेका छन्, 'यो विषयमा छानबिन हुन्छ ।' अध्यक्ष ओलीका अनुसार एमाले केन्द्रीय कमिटीले पार्टीकै उम्मेदवारलाई नेता कार्यकर्ताले भोट नदिएको कारण सहितको प्रतिवेदन पेश गर्न तल्लो कमिटीलाई भनिएको छ ।

– बाँकी पृष्ठ २ मा

## हदम्याद बढाउन तयार

प्रधानमन्त्री शेरबहादुर देउवाले बलात्कार तथा हिंसाका घटनामा हदम्यादको समयावधि थप गर्न सरकार तयार भएको बताएका छन् ।

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, ११ जेठ ।

बलात्कार सम्बन्धी मुद्दाको हदम्याद बढाउन सरकार सकारात्मक देखिएको छ । पछिल्लो समय बलात्कार र हिंसाका घटना शृङ्खलाबद्ध रुपमा सार्वजनिक भएपछि सरकारले हदम्याद बढाउने तयारी थालेको हो ।

बुधवार नेपाली कांग्रेसका महिला नेताहरूका ज्ञापन पत्र बुझ्दै प्रधानमन्त्री देउवाले सरकारले हदम्यादको समयावधि थप गर्नका लागि तयारी अघि बढेको बताएका छन् । 'यसबारे सरकार संवेदनशील छ । हदम्याद बढाउनुपर्छ । त्यसको प्रक्रिया अघि बढिसकेको छ,' प्रधानमन्त्री देउवाले भने ।

उनले बलात्कारसम्बन्धी मुद्दामा जाहेरीका लागि तोकिएको हदम्यादको व्यवस्थाकै कारण हिंसा पीडित महिलाले न्याय नपाउने अवस्था आएको भन्दै आवश्यक कदम चाल्न सरकार तत्पर रहेको जानकारी दिएका हुन् । 'अहिलेका कानुन र त्यसको कार्यान्वयनको अवस्थाबारे पुनरालोकन गरौं । किन यस्तो हिंसा र बलात्कार रोकिएको छैन ? यसमा थप छलफलसहित दोषीलाई कडा सजायको व्यवस्था गरिनुपर्छ,' 'बलात्कारको मुद्दामा उजुरीमै लाग्ने हदम्यादको व्यवस्थालाई सच्याउनुपर्छ । त्यही कारण महिलाले न्याय नपाउने अवस्था हुनुहुँदैन' कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्यायले भनिन् ।

सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना'को नेतृत्वमा गएको टोलीले लैंगिक हिंसासम्बन्धी कानुनको पुनरावलोकन गर्न, आमाको नामबाट नागरिकता दिने व्यवस्था कार्यान्वयन गर्न, आगामी वर्षको बजेटमा महिलाको स्वास्थ्यलाई लक्षित गरेर कार्यक्रम र योजनाहरू ल्याउन माग समेत गरेका छन् ।

नेताहरुको समूहले पछिल्लो समय मूल्यवृद्धिका कारण महिलाको दैनिकीमा परेको असरबारे समेत प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको छ । साथै उनीहरूले संविधानको व्यवस्थाबमोजिम अहिलेसम्म पनि आमाको नामबाट नागरिकता पाउने अवस्था नबनेको भन्दै सरकारको ध्यानाकर्षण समेत गराएका छन् ।

**आयोगको आग्रह**

नेपाली कांग्रेस महिला नेताले मात्रै होईन, राष्ट्रिय मानव अधिकार आयोगले पनि यौनजन्य हिंसा तथा बलात्कारका घटनाको प्रभावकारी अनुसन्धान गर्न आग्रह गरेको छ ।

– बाँकी पृष्ठ २ मा

## नयाँ श्रम काउन्सिलर र सहचारीहरुको नाम सार्वजनिक

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ जेठ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले काउन्सिलर श्रम र श्रम सहचारीको नतिजा सार्वजनिक गरेको छ । मन्त्रालयले साउदी अरेबिया र संयुक्त अरब इमिरेट्स (यूएई)का लागि काउन्सिलर श्रम र बरहाइन तथा कतारका लागि श्रम सहचारीको नतिजा सार्वजनिक गरेको हो ।

मन्त्रालयका अनुसार श्रम तथा व्यवस्थापनजन्य सुरक्षा विभाग मीनभवनमा कार्यरत उपसचिव देवेन्द्र कार्की साउदी अरेबियाको रियाद र वैदेशिक रोजगार बोर्डको सचिवालयमा कार्यरत दीनबन्धु सुवेदी यूएईका लागि छनोट भएका छन् ।

सो पदका आकांक्षी मन्त्रालयमा कार्यरत भोलानाथ गुरागाईं प्रतीक्षा सूचीमा रहेका छन् । साउदीका लागि काउन्सिलर श्रम कार्कीले यसअघि वैदेशिक रोजगार कार्यालय ताहाचलमा काम गरेका थिए ।

बहराइनको श्रम सहचारीमा मन्त्रालयमा कार्यरत जमुना काफ्ले र कतारको सहचारीमा पनि मन्त्रालयमा कार्यरत कृष्ण पौडेल छनोट भएको मन्त्रालयले जनाएको छ । वैदेशिक रोजगार विभाग बुद्धनगरमा कार्यरत ताम्रराज काफ्ले श्रम सहचारीको प्रतीक्षा सूचीमा परेका छन् ।

काउन्सेलर श्रम तथा श्रम सहचारी छनोट तथा नियुक्ति सम्बन्धी कार्यविधि तथा मापदण्ड २०७३ अनुसार मन्त्रीस्तरीय निर्णयबाट उक्त छनोट भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले गत माघ १९ गते योग्यता पुगेका कर्मचारीलाई दर्खास्त दिन आवेदन खुलाएको थियो ।

परराष्ट्र मन्त्रालयको समन्वयमा तालिम लिएर काउन्सिलर श्रम र श्रम सहचारी सम्बन्धित मुलुकमा खटिने गरेका छन् । काउन्सिलर र सहचारीको दरबन्दी श्रम मन्त्रालयमै हुनेछ भने काम कारबाही परराष्ट्र मन्त्रालयमार्फत् गर्नुपर्नेछ ।

उनीहरूलाई नेपाली कामदारका समस्या समाधानका लागि नेपाल सरकारको प्रतिनिधित्व गर्दै सम्बन्धित मुलुकसँग संवाद, कम्पनी निरीक्षण गर्ने, समस्यामा रहेका कामदारको उद्धार गर्ने जिम्मेवारी तोकिएको छ ।

### वैदेशिक रोजगार विशेष

## ठग शर्मा पक्राउ

बागलुङ/रासस- वैदेशिक रोजगारी ठगी कसुरमा सजाय सुनाइएका बागलुङका एक पुरुषलाई प्रहरीले दुई वर्षपछि पक्राउ गरेको छ । बागलुङ नगरपालिका-१२ अमलाचौरका ४२ वर्षीय प्रकाश शर्मालाई जिल्ला प्रहरी कार्यालय बागलुङले नियन्त्रणमा लिएको हो ।

उनलाई वैदेशिक रोजगारी ठगी कसुरमा वैदेशिक रोजगार न्यायाधीकरण इजलाश काठमाडौँले दुई वर्ष पहिले सजाय सुनाएको थियो । शर्मालाई एक वर्ष पाँच महिना कैद र एक लाख ५० हजार जरिवाना फैसला सुनाइएको थियो ।

सोही दिनदेखि शर्मा फरार थिए । फरार प्रतिवादी घरमै लुकेर बसेको सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयले बुधबार घरबाटै पक्राउ गरी जिल्ला अदालत बागलुङमा बुझाएको जिप्रकाका सूचना अधिकारी इन्द्रबहादुर रानाले जानकारी दिए ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAIDAN CLINIC | शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/०२/११ | चलानी नं.: ६०१७९७७३ | LT. No.: 263475

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DENTAL NURSE | 0 | 50 | स. काममा दक्ष | 350 | १,४१,६८० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Nurse | 0 | 50 | | 350 | १,४१,६८० | | | | | | | |

**Requirement**
1. Minimum 3 years work experience in the same field.
2. Academic Certificate
3. NMC Certificate with CVS, P.P. Size pic and Original P.P.

प्रि–अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा भैरहेको छ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २२ देखि २८ गते सम्म (5 to 11 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं. ५१८/०६१/०६२

**Growth Process International Employment Pvt. Ltd.**
P.O.Box No.: 12839, Basundhara-3, Kathmandu, Nepal, Phone No.: 01-5904622, Fax: 4383347
Contact No.: 9851146986, 9818857236, 9823862551, 9841788057, 9849476159
Email : growth_processintl@yahoo.com | Web. : www.growthprocessintl.com

यसै मेनपावर कम्पनीको लागि २ जना Receptionist महिला आवश्यक परेकाले इच्छुकले सम्पर्क गर्नुहोला ।

का.जि.प्र.का.द.नं. १००/०५९/६०
१२ जेठ २०७९,
बिहीबार
26 May 2022,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ११० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



हवाईबाट लिएको विश्व सम्पदा सूचीमा सूचिकृत बौद्धनाथ स्तूपा र त्यस वरपरको बस्ती । तस्वीरः रासस


## ट्राफिक नियमको पालना गरौं

- बाटो काट्दा जेब्रा क्रसिङ्को प्रयोग गरौं,
- सडक बत्ती हेरेर मात्र बाटो काटौं,
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ नगरौं,
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ गरौं,
- पैदल यात्रीले फुटपाट तथा अकाशे पुलको प्रयोग गरौं ।

*सडक आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड


## विदेश सम्बन्धमाथि प्रश्न



सरकारको व्यवहार अमेरिकातिर ढल्के जस्तो हुनु भएन नि । त्यस्तो नहोस भन्नका लागि प्रतिपक्षको हैसियतमा सचेत गराउन मात्रै खोजिएको हो ।

**प्रदीप ज्ञवाली**
एमाले उपमहासचिव एवं पूर्व परराष्ट्रमन्त्री

**शिवराज परियार मध्यान्ह**
काठमाडौं, ११ जेठ ।

प्रमुख विपक्षी नेकपा एमालेका अध्यक्ष ओलीले वर्तमान सरकारको कुटनीतिक सन्तुलन कायम नराखेको भनी प्रश्न उठाएका छन् ।

नेपालको संविधानमै सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्ने भन्ने रहेकोमा वर्तमान सरकारले कुनै एक देशको पक्षमा लागेको भास हुने गरी गतिविधि गर्न थालेको ओलीको आरोप छ ।

– बाँकी पृष्ठ २ मा

### एमाले निष्कर्ष

## अन्तरघातले हारियो

०७४ को स्थानीय तहको चुनावमा सबैभन्दा ठूलो दलको रुपमा रहेको नेकपा एमाले ०७९ को स्थानीय चुनावबाट दोस्रो ठूलो दलमा झरेको छ । यसको प्रमुख कारण पार्टी भित्रकै अन्तरघात भएको निचोड निकबालिएको छ ।




**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, ११ जेठ ।

स्थानीय तहको अन्तिमा नतिजा सार्वजनिक नहुँदै बुधबार नेकपा एमालेको संसदीय दलको बैठक बस्यो । नयाँ वानेश्वर स्थित संसद भवन नयाँ वानेश्वरमा बसेको संसदीय दलको बैठकमा संसदीय दलका नेता केपी शर्मा ओलीले सम्बोधन गरे ।

चुनावी नतिजाले हतोत्साहित भएका सांसदहरुलाई उत्साहित बनाउने प्रयास ओलीले गरे । सांसदहरुलाई उत्साहित बनाउन उनले मेयरमा हारेको भए पनि उपमेयर एमालेले अरु दलले भन्दा धेरै जितेको उल्लेख गरे । उपमेयर पनि जिम्मेवारीका हिसावले मेयर जत्तिकै भएको भन्दै उनले उपमेयरको काम, कर्तव्य र अधिकारको विषयको विवेचना गरे ।

सांसदहरुका अनुसार समग्रमा एमालेले चुनाव हारेको स्वीकार अध्यक्ष ओलीले गरे । तर, हारको कारण पार्टी भित्रको अन्तरघात भएको निष्कर्ष सुनाए । पार्टी भित्रको अन्तरघात व्यवस्थापन गर्न नसक्दा प्रमुख पदहरुमा एमालेका उम्मेदवारहरु पराजित हुन पुगेको अध्यक्ष ओलीको निचोड छ । यही निचोडमा आधारित भएर उनले भनेका छन्, 'हारेर पनि एमालेले जितेको छ । किनभने एमालेको जनमत घटेको छैन् घटेको सिटहरु मात्रै हो ।' पाँच दलीय सत्ता गठबन्धनको घेराबन्दीलाई बलियो गरी तोड्न नसक्नुको कारण पार्टी भित्रकै अन्तरघात भएको अध्यक्ष ओलीको निष्कर्ष छ ।

'सांगठनिक अनुशासन तुलत्नात्मक हिसाबले बलियो एमालेमा यसपटक बढी नै अन्तरघात भयो । कांग्रेस र माओवादीमा भन्दा पनि बढी देखियो' ओलीले यसैमा थपेका छन्, 'यो विषयमा छानबिन हुन्छ ।' अध्यक्ष ओलीका अनुसार एमाले केन्द्रीय कमिटीले पार्टीकै उम्मेदवारलाई नेता कार्यकर्ताले भोट नदिएको कारण सहितको प्रतिवेदन पेश गर्न तल्लो कमिटीलाई भनिएको छ ।

– बाँकी पृष्ठ २ मा

## हदम्याद बढाउन तयार

प्रधानमन्त्री शेरबहादुर देउवाले बलात्कार तथा हिंसाका घटनामा हदम्यादको समयावधि थप गर्न सरकार तयार भएको बताएका छन् ।

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, ११ जेठ ।

बलात्कार सम्बन्धी मुद्दाको हदम्याद बढाउन सरकार सकारात्मक देखिएको छ । पछिल्लो समय बलात्कार र हिंसाका घटना शृङ्खलाबद्ध रुपमा सार्वजनिक भएपछि सरकारले हदम्याद बढाउने तयारी थालेको हो ।

बुधवार नेपाली कांग्रेसका महिला नेताहरूका ज्ञापन पत्र बुझ्दै प्रधानमन्त्री देउवाले सरकारले हदम्यादको समयावधि थप गर्नका लागि तयारी अघि बढेको बताएका छन् । 'यसबारे सरकार संवेदनशील छ । हदम्याद बढाउनुपर्छ । त्यसको प्रक्रिया अघि बढिसकेको छ,' प्रधानमन्त्री देउवाले भने ।

उनले बलात्कारसम्बन्धी मुद्दामा जाहेरीका लागि तोकिएको हदम्यादको व्यवस्थाकै कारण हिंसा पीडित महिलाले न्याय नपाउने अवस्था आएको भन्दै आवश्यक कदम चाल्न सरकार तत्पर रहेको जानकारी दिएका हुन् । 'अहिलेका कानुन र त्यसको कार्यान्वयनको अवस्थाबारे पुनरालोकन गरौं । किन यस्तो हिंसा र बलात्कार रोकिएको छैन ? यसमा थप छलफलसहित दोषीलाई कडा सजायको व्यवस्था गरिनुपर्छ,' 'बलात्कारको मुद्दामा उजुरीमै लाग्ने हदम्यादको व्यवस्थालाई सच्याउनुपर्छ । त्यही कारण महिलाले न्याय नपाउने अवस्था हुनुहुँदैन' कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्यायले भनिन् ।

सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना'को नेतृत्वमा गएको टोलीले लैंगिक हिंसासम्बन्धी कानुनको पुनरावलोकन गर्न, आमाको नामबाट नागरिकता दिने व्यवस्था कार्यान्वयन गर्न, आगामी वर्षको बजेटमा महिलाको स्वास्थ्यलाई लक्षित गरेर कार्यक्रम र योजनाहरू ल्याउन माग समेत गरेका छन् ।

नेताहरुको समूहले पछिल्लो समय मूल्यवृद्धिका कारण महिलाको दैनिकीमा परेको असरबारे समेत प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको छ । साथै उनीहरूले संविधानको व्यवस्थाबमोजिम अहिलेसम्म पनि आमाको नामबाट नागरिकता पाउने अवस्था नबनेको भन्दै सरकारको ध्यानाकर्षण समेत गराएका छन् ।

### आयोगको आग्रह

नेपाली कांग्रेस महिला नेताले मात्रै होईन, राष्ट्रिय मानव अधिकार आयोगले पनि यौनजन्य हिंसा तथा बलात्कारका घटनाको प्रभावकारी अनुसन्धान गर्न आग्रह गरेको छ ।

– बाँकी पृष्ठ २ मा

## नयाँ श्रम काउन्सिलर र सहचारीहरुको नाम सार्वजनिक

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ जेठ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले काउन्सिलर श्रम र श्रम सहचारीको नतिजा सार्वजनिक गरेको छ । मन्त्रालयले साउदी अरेबिया र संयुक्त अरब इमिरेट्स (यूएई)का लागि काउन्सिलर श्रम र बरहाइन तथा कतारका लागि श्रम सहचारीको नतिजा सार्वजनिक गरेको हो ।

मन्त्रालयका अनुसार श्रम तथा व्यवस्थापनजन्य सुरक्षा विभाग मीनभवनमा कार्यरत उपसचिव देवेन्द्र कार्की साउदी अरेबियाको रियाद र वैदेशिक रोजगार बोर्डको सचिवालयमा कार्यरत दीनबन्धु सुवेदी यूएईका लागि छनोट भएका छन् ।

सो पदका आकांक्षी मन्त्रालयमा कार्यरत भोलानाथ गुरागाईं प्रतीक्षा सूचीमा रहेका छन् । साउदीका लागि काउन्सिलर श्रम कार्कीले यसअघि वैदेशिक रोजगार कार्यालय ताहाचलमा काम गरेका थिए ।

बहराइनको श्रम सहचारीमा मन्त्रालयमा कार्यरत जमुना काफ्ले र कतारको सहचारीमा पनि मन्त्रालयमा कार्यरत कृष्ण पौडेल छनोट भएको मन्त्रालयले जनाएको छ । वैदेशिक रोजगार विभाग बुद्धनगरमा कार्यरत ताम्रराज काफ्ले श्रम सहचारीको प्रतीक्षा सूचीमा परेका छन् ।

काउन्सेलर श्रम तथा श्रम सहचारी छनोट तथा नियुक्ति सम्बन्धी कार्यविधि तथा मापदण्ड २०७३ अनुसार मन्त्रीस्तरीय निर्णयबाट उक्त छनोट भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले गत माघ १९ गते योग्यता पुगेका कर्मचारीलाई दर्खास्त दिन आवेदन खुलाएको थियो ।

परराष्ट्र मन्त्रालयको समन्वयमा तालिम लिएर काउन्सिलर श्रम र श्रम सहचारी सम्बन्धित मुलुकमा खटिने गरेका छन् । काउन्सिलर र सहचारीको दरबन्दी श्रम मन्त्रालयमै हुनेछ भने काम कारबाही परराष्ट्र मन्त्रालयमार्फत् गर्नुपर्नेछ ।

उनीहरूलाई नेपाली कामदारका समस्या समाधानका लागि नेपाल सरकारको प्रतिनिधित्व गर्दै सम्बन्धित मुलुकसँग संवाद, कम्पनी निरीक्षण गर्ने, समस्यामा रहेका कामदारको उद्धार गर्ने जिम्मेवारी तोकिएको छ ।

### वैदेशिक रोजगार विशेष

## ठग शर्मा पक्राउ

बागलुङ/रासस- वैदेशिक रोजगारी ठगी कसुरमा सजाय सुनाइएका बागलुङका एक पुरुषलाई प्रहरीले दुई वर्षपछि पक्राउ गरेको छ । बागलुङ नगरपालिका-१२ अमलाचौरका ४२ वर्षीय प्रकाश शर्मालाई जिल्ला प्रहरी कार्यालय बागलुङले नियन्त्रणमा लिएको हो ।

उनलाई वैदेशिक रोजगारी ठगी कसुरमा वैदेशिक रोजगार न्यायाधीकरण इजलाश काठमाडौंले दुई वर्ष पहिले सजाय सुनाएको थियो । शर्मालाई एक वर्ष पाँच महिना कैद र एक लाख ५० हजार जरिवाना फैसला सुनाइएको थियो ।

सोही दिनदेखि शर्मा फरार थिए । फरार प्रतिवादी घरमै लुकेर बसेको सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयले बुधबार घरबाटै पक्राउ गरी जिल्ला अदालत बागलुङमा बुझाएको जिप्रकाका सूचना अधिकारी इन्द्रबहादुर रानाले जानकारी दिए ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAIDAN CLINIC    शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/०२/११    चलानी नं.: ६०१७९७७३    LT. No.: 263475

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DENTAL NURSE | 0 | 50 | स. काममा दक्ष | 350 | १,४१,६८० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Nurse | 0 | 50 | | 350 | १,४१,६८० | | | | | | | |

**Requirement**
1. Minimum 3 years work experience in the same field.
2. Academic Certificate
3. NMC Certificate with CVS, P.P. Size pic and Original P.P.

प्रि-अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा भैरहेको छ ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २२ देखि २८ गते सम्म (5 to 11 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं. ५१८/०६१/०६२

**Growth Process International Employment Pvt. Ltd.**
P.O.Box No.: 12839, Basundhara-3, Kathmandu, Nepal, Phone No.: 01-5904622, Fax: 4383347
Contact No.: 9851146986, 9818857236, 9823862551, 9841788057, 9849476159
Email : growth_processintl@yahoo.com | Web. : www.growthprocessintl.com

यसै मेनपावर कम्पनीको लागि २ जना Receptionist महिला आवश्यक परेकाले इच्छुकले सम्पर्क गर्नुहोला ।

मध्यान्ह
www.madhyanhadaily.com
१२ जेठ २०७९, बिहीबार
26 May 2022, Thursday

# पाँच पालिकाको मतपरिणाम आउन बाँकी



काठमाडौं/मस- गत वैशाख ३० गते भएको स्थानीय तह निर्वाचनको पाँच पालिकाको मत परिणाम आउन बाँकी छ। निर्वाचन आयोगका अनुसार ७५३ मध्ये ७४८ पालिकाको अन्तिम मतपरिणाम सार्वजनिक भइसकेको छ । मतगणना जारी रहेकामध्ये अन्तिम परिणाम आउन बाँकी पालिकामा बागमती प्रदेशमा काठमाडौं महानगरपालिका, प्रदेश नं १ मा उदयपुरको त्रियुगा नगरपालिका, मधेस प्रदेशमा गरुडा नगरपालिका, लुम्बिनी प्रदेशमा रुपन्देहीको तिलोत्तमा नगरपालिका रहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेले जानकारी दिए ।

सुदूरपश्चिमको बाजुराको बूढीगङ्गा नगरपालिकामा भएको मतदानबारे आयोगले गरेको छानविनका आधारमा निर्णय आउन बाँकी रहेको छ ।

यसैबीच स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा भएको सामाजिक सञ्जाल र डिजिटल मिडियाको प्रयोग र अनुगमन कार्यको समीक्षा गरिएको छ ।

निर्वाचन आयोगले स्थानीय तह निर्वाचनका लागि गठन गरेको सामाजिक सञ्जाल अनुगमन समितिको आज भएको बैठकमा सामाजिक सञ्जालको प्रयोग भई सञ्चालित मतदाता शिक्षा र निर्वाचन प्रचार, सामाजिक सञ्जालमा प्रयोग भएका गलत र मिथ्या सूचना तथा द्वेषपूर्ण अभिव्यक्तिका क्रियाकलापको समीक्षा गरिएको हो ।

बैठकमा आयोगका सचिव एवं समितिका संयोजक गोकर्णमणि दुवाडीले निर्वाचनका सूचनालाई विद्युतीय माध्यमबाट प्रचारप्रसार गर्न र गलत समाचारको अनुगमन गरी कारवाही गर्न उपलब्ध समय, स्रोत र सीमाका बीच समितिले प्रभावकारी काम गरेको बताए। उनले निर्वाचनसम्बन्धी व्यवस्थापन र विद्यमान कानूनी पक्षमा देखिएका कतिपय जटिलताबाट पाठ सिकेर आगामी निर्वाचनमा थप प्रभावकारी काम गर्न सकिने उल्लेख गरे ।

आयोगका सहसचिव तुलसीबहादुर श्रेष्ठले मतदाता शिक्षालाई यसपटक सामाजिक सञ्जाल र विद्युतीय माध्यमबाटै प्रभावकारीरूपमा प्रवाह गरिएको जनाउँदै उपयोग गर्न सक्दा सामाजिक सञ्जाल उपयोगी र कम खर्चिलो हुने बताए । नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले सामाजिक सञ्जाललाई उपयोग गर्ने सन्दर्भमा जसले उपयोग गर्न सक्छ उसैको डोमिनेशन हुने पक्षलाई ध्यान दिएर काम गर्न सुझाव दिए ।

आयोगका सूचना तथा प्रविधि शाखाका प्रमुख आदेश खड्काले निर्वाचन आचारसंहिता कार्यान्वयन र मौन अवधिमा एक लाख २० हजार निर्वाचन सामग्रीको अनुगमन गर्दा ५४३ वटा सामग्री आचारसंहिता उलङ्घनयुक्त पाइएको जानकारी दिए । आयोगका सहसचिव यज्ञप्रसाद भट्टराई, शालिग्राम शर्मा पौडेल, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल प्रहारीको साइबर ब्युरो, प्रेस काउन्सिल नेपाल, योजना, अनुगमन तथा वैदेशिक सम्बन्ध शाखाका प्रमुख कमल भट्टराईले समितिले निर्वाचनसम्बन्धी सही सूचना प्रवाह र गलत सूचना रोक्न उपलब्ध स्रोत र साधनका आधारमा नियमित अनुगमन गरेको बताए ।

# मुख्यमन्त्री पोखरेल र भारतीय कावा राजदूतबीच भेटवार्ता



कास्की/मस-गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र नेपालका लागि कार्यवाहक भारतीय राजदूत नाम्गे सी खम्पाबीच भेटवार्ता भएको छ । कास्की र मुस्ताङमा भारतीय दूतावासमार्फत् सञ्चालित योजना अनुगमन र उद्घाटनका क्रममा राजदूत खम्पा पोखरा पुगेकी थिइन् ।

भेटका अवसरमा प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बराल जीवन, कानून सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दुकुमार थापा, प्रमुख सचिव रविलाल पन्थ सहभागी थिए ।

उक्त अवसरमा नेपाल र भारतबीचको सम्बन्धको कुनै व्याख्या गर्न जरुरी नभएको भन्दै प्रदेश र मुलुकको समृद्धिका लागि सहकार्य बढाउँदै लैजानुपर्नेमा जोड दिए । उत्तरमा चीनको नाकादेखि दक्षिण भारत जोड्ने कोरला-त्रिवेणी सडक अन्तर्गत दुम्कीवास त्रिवेणी खण्डको ८ किलोमिटर सुरुङ मार्ग निर्माणमा प्रदेशले संघ सरकारमार्फत् भारतसँग सहकार्य गर्न तयार रहेको उनले बताए ।

तनहुँमा रहेको गिरिजाप्रसाद कोइराला स्वासप्रश्वास केन्द्रको स्तरोन्नतीका लागि नेपाल भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलेसमेत प्रतिबद्धता जनाएको स्मरण गराउँदै मुख्यमन्त्री पोखरेलले त्यहाँ मेडिकल कलेज सञ्चालनका लागि भारत सरकारबाट सहयोगको अपेक्षा गरिएको मुख्यमन्त्री पोखरेलले भनाइ राखे ।

प्रदेशको रोजगारी प्रवर्द्धन, पर्यटकीय क्षेत्र पोखराको सौन्दर्यीकरणका साथै फेवातालको संरक्षणमा समेत सहकार्य गरेर जान सकिने मुख्यमन्त्रीको भनाइ थियो । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि यहाँको व्यावसायिक क्षेत्र फराकिलो हुने भन्दै त्यसै अनुसारका संरचना निर्माण जरुरी रहेको उनले सुनाए ।

कार्यवाहक भारतीय राजदूत नाम्गे सी खम्पाले गण्डकी प्रदेशको समृद्धिका लागि सहकार्य गर्न भारत तयार रहेको बताइन् । प्रदेशभित्रका सडक, पर्यटकीय पूर्वाधार र यातायात क्षेत्रमा भारतीय सरकारले सहयोग गर्दै आएको र योजनाका बारेमा विस्तृत विवरण प्राप्त भएको खण्डमा थप काम सुरु गर्न सकिने उनेको भनाइ थियो । नेपाली विद्यार्थीलाई छात्रवृत्तिका साथै विद्यालय तथा क्याम्पसका लागि बस, अस्पताल र संघसंस्थाका लागि एम्बुलेन्स प्रदान गर्दै आएको र यसले निरन्तरता पाउने प्रतिबद्धता उनले जनाइन् । भारतीय राजदूतावासमार्फत् प्रदेशभर ५२ वटा योजना सञ्चालन भएकामा कास्कीमा मात्र ११ वटा सञ्चालित छन् ।

# बञ्चरेडाँडाका स्थानीयको माग सम्बोधन हुने



**काठमाडौं/मस-** शहरी विकासमन्त्री रामकुमारी झाँक्रीले बञ्चरेडाँडा ल्याण्डफिल्ड साइटबाट प्रभावित स्थानीयको माग सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको बताएकी छिन् । बुधबार मन्त्रालयमा आयोजित सर्वपक्षीय छलफलमा उनले बञ्चरेडाँडा ल्याण्डफिल्ड साइट व्यवस्थित गर्न स्थानीयको पनि महत्वपूर्ण भूमिका रहेको र उनीहरूका मागप्रति नजरअन्दाज पनि नगरिने बताइन् ।

मन्त्री झाँक्रीले भनिन्, 'बञ्चरेडाँडा ल्याण्डफिल्ड साइट व्यवस्थापन हाम्रो साझा काम हो भनेर अघि बढौं । बञ्चरेडाँडा ल्याण्डफिल्ड साइटले काठमाडौंको फोहर व्यवस्थापनमा नयाँ मोड ल्याउनेछ । स्थानीयका जायज मागप्रति सरकारले नजरअन्दाज गर्दैन ।'

छलफलमा धादिङबाट निर्वाचित प्रतिनिधिसभा सदस्य भूमि त्रिपाठीले आयोजना प्रभावित क्षेत्रको प्राविधिक टोलीको अध्ययनअनुसार सरकारले जग्गा अधिग्रहण गर्नुपर्ने बताए । नुवाकोटका सांसद हितबहादुर तामाङले बञ्चरेडाँडा ल्याण्डफिल्ड साइटको फोहर व्यवस्थापनमा देखिएका समस्या दीर्घकालीन समाधानका उपाय खोजेर अघि बढ्न सुझाव दिए । उनले यो समस्या बारम्बार दोहोरिन नदिन स्थानीय सरकारलाई समेत जवाफदेही बनाउनुपर्ने बताए ।

धादिङको धुनीबेंशी नगरपालिकाका प्रमुख बालकृष्ण आचार्यले बञ्चरेडाँडा ल्याण्डफिल्ड साइट व्यवस्थापन सबैको साझा दायित्वको विषय भएको र यसका व्यावहारिक पक्षमा ध्यान दिन आवश्यक रहेको बताए । उनले साइटमा फालेको फोहर उचितरूपमा व्यवस्थापन गर्नुपर्ने बताए ।

नुवाकोटको ककनी गाउँपालिकाका अध्यक्ष सुमन तामाङले सरकारले फोहर व्यवस्थापनको नीति मात्र बनाउने नभई कार्यान्वयनमा समेत जोड दिनुपर्ने बताए । शिक्षा, स्वास्थ्य र रोजगारी राज्यको दायित्वअन्तर्गत पर्ने भएकाले आयोजना प्रभावितलाई सरकारले विशेष सम्बोधन गर्नुपर्नेसमेत बताए ।

छलफलमा मन्त्रालयका सचिव डा. रमेशप्रसाद सिंह, काठमाडौंका प्रमुख जिल्ला अधिकारी गोविन्दप्रसाद रिजाल, बञ्चरेडाँडा ल्याण्डफिल्ड साइटका आयोजना प्रमुख रवीन्द्र बोहरा, काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लोकनाथ पौडेल, जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक दिनेशराज मैनाली, ककनी गाउँपालिका र धुनीबेंशी नगरपालिकाका जनप्रतिनिधि, बञ्चरेडाँडा ल्याण्डफिल्ड साइट क्षेत्रका आयोजना प्रभावित क्षेत्रका स्थानीयलगायतको उपस्थिति थियो।

**अन्तरघातले...**

तल्लो कमिटीबाट हारको कारणसहितको प्रतिवेदन आएपछि ठोस निर्णय लिइने उनले बताएका छन् ।

नीति तथा कार्यक्रमको चिरफार अध्यक्ष ओलीले संसदमा प्रस्तुत नीति तथा कार्यक्रमबारे विषयगत रुपमा ब्याख्या गरेका छन् । सोही ब्याख्या अनुसार संसदमा प्रस्तुत हुन उनको निर्देशन छ ।

नीति तथा कार्यक्रमबारे अध्यक्ष ओलीको पहिलो टिप्पणी छ- चुनावी सरकारले बहुवर्षे सपना देखायो । यो न्युनतमा मुल्य मान्यता र अभ्यास विपरित छ । 'ओली भन्छन्, 'चुनावी सरकारले चुनाव गराउने हो, २ बर्षमा, ४ बर्षमा यो गर्छु भनेर भन्ने होइन । तर, भन्यो । यसको भण्डाफोर गर्नुपर्छ ।'

आफुले अघि सारेका कतिपय योजनाहरु रोकेकाले त्यसका विषयमा समेत संसदमा बोल्न सांसदहरुलाई ओलीको निर्देशन छ । आफुले सुरु गरेका अस्पताल निर्माण, सडक आयोजनाहरुको विषयलाई वर्तमान सरकारले रोकेका कारण त्यसका विरुद्ध आवाज उठाउन सांसदहरुलाई उनको आग्रह छ ।

**सरकारको...**

खासगरी ओलीले अमेरिकी विदेश मन्त्रालयको नागरिक सुरक्षा, प्रजातन्त्र तथा मानवअधिकार सम्बन्धी उपमन्त्री उज्रा जियाको नेपाल भ्रमणलाई लिएर प्रश्न उठाएका हुन् । उपमन्त्री उज्रा जियालाई नेपालस्थित तिब्बती शरणार्थी क्याम्पमा पुऱ्याएर शरणार्थीहरुलाई उक्साउने काम नेपाल सरकारले गरेको आरोप ओलीको छ ।

'अमेरिकी विदेशमन्त्री नेपाल आउनु भयो । सरकारले घुमायो र नेपाल सरकारले शरणार्थी क्याम्पमा पुऱ्याएर फि तिब्बतको विषयलाई उठाउन मद्दत गऱ्यो' ओलीले भनेका छन् ।

संविधानमा नै सन्तुलित परराष्ट्र नीति र नेपालको भूमि कुनै पनि देशका विरुद्ध प्रयोग हुन नदिने वाचा सरकारले भुलेको भन्दै उनले थपे, 'तर, सरकारले संविधान विपरित सन्तुलित कूटनीति उल्लंघन गऱ्यो । यो आपत्तिजनक छ ।'

प्रधानमन्त्री ओलीले सांसदहरुलाई संसदमा र सार्वजनिक रुपमा समेत सरकारको कुटनीतिक असन्तुलनको विषय उठाउन निर्देश गरेका छन् ।

एमालेका उपमहासचिव एवं पूर्व परराष्ट्रमन्त्री प्रदिप ज्ञवाली सरकारको विदेश सम्बन्धका व्यवहारमाथि प्रश्न उठाउनैपर्ने भएर बोलिएको प्रष्टीकरण दिएका छन् ।

'सरकारलाई सच्याउनु प्रमुख विपक्षीको दायित्व हो' ज्ञवाली थप्छन्, 'सरकारको व्यवहार अमेरिकातिर ढल्के जस्तो हुनु भएन नि । त्यस्तो नहोस भन्नका लागि प्रतिपक्षको हैसियतमा सचेत गराउन मात्रै खोजिएको हो ।'

**हदम्याद...**

अनुसन्धानमा संलग्न प्रहरीहरुसँग छलफल गर्दै आयोगले हिंसा तथा बलात्कारका घटनाको प्रभावकारी अनुसन्धान हुनुपर्नेमा जोड दिएको हो । आयोगकी सदस्य लिली थापाले यौनजन्य हिंसा तथा बलात्कारका घटनाको निष्पक्ष र प्रभावकारी अनुसन्धानमार्फत पीडितको समयमै न्याय प्राप्त गर्ने अधिकारको सुनिश्चित गर्न र आरोपितलाई शीघ्र कानुनी दायरामा ल्याउन निर्देशन समेत दिएकी छिन् ।

आयोगले यौनजन्य हिंसा तथा बलात्कारका घटनाबाट पीडितहरूको न्यायिक हक तथा सुरक्षाको सुनिश्चितता गर्न, पीडित र साक्षीको सुरक्षा गर्न, पीडितलाई मनोसामाजिक परामर्श र क्षतिपूर्ति उपलब्ध गराउन तथा घटनाका आरोपितलाई शीघ्र कानुनी दायरामा ल्याउनुपर्ने बताएको छ ।

# ललितपुरका मेयर-उपमेयरद्वारा पदभार ग्रहण




**काठमाडौं/मस-**ललितपुर महानगरपालिकाको नवनिर्वाचित मेयर चिरी बाबु महर्जन र उपमेयर मन्जली शाक्य बज्राचार्यले पदभार ग्रहण गरेका छन्। बुधबार दिउँसो शपथ ग्रहणपछि महर्जन र शाक्यले महानगरको कार्यालय पुगेर पदभार ग्रहण गरेका हुन् ।

३० वैशाखमा सम्पन्न स्थानीय निर्वाचनमा एमालेका हरिकृष्ण व्यञ्जनकारलाई १८ हजार १६२ मतान्तरले पराजित गर्दै नेपाली कांग्रेसका उम्मेदवार महर्जनले मेयरमा दोस्रो कार्यकालका लागि निर्वाचित भएका हुन् ।

महर्जनले ४२ हजार ७ सय २२ मत प्राप्त गर्दा व्यञ्जनकारले २४ हजार ५६० मत प्राप्त गरेका थिए । यस्तै उपमेयरमा २५ हजार ८४ मत प्राप्त गरी नेकपा एमालेकी शाक्य निर्वाचित भएकी हुन् ।

# दोलखामा युवकको शंकास्पद मृत्यु



चरिकोट/मस-दोलखाको गौरीशङ्कर गाउँपालिका-३ झ्याकुका एक युवकको शङ्कास्पद मृत्यु भएको छ ।

नेपाली कांग्रेस वडाध्यक्षमा उम्मेदवारी दिएका दिलबहादुर बस्नेतका छोरा २४ वर्षीय यानबहादुरको शङ्कास्पद मृत्यु भएको हो । मङ्गलबार बेलुकादेखि सम्पर्कविहीन भएका यानबहादुर घर नजिकै बुधबार बिहान मृतावस्थामा फेला परेका हुन् ।

घटनास्थलमा प्रहरी टोली पुगेको र घटनाका विषयमा थप अनुसन्धान भइरहेको दोलखा प्रहरी प्रमुख गङ्गा पौडेलले बताए।

मृतक बस्नेतका बुबा स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसबाट वडाध्यक्षको उम्मेदवार बनेका थिए ।

झ्याकुस्थित मानेडाँडा माविमा कार्यरत यानबहादुर काम सकेर साँझ ६:३० बजे घरबाट निस्किएका र अबेरसम्म पनि घर नफर्किएपछि स्थानीय तथा आफन्तले खोजीकार्य जारी राखेका थिए ।

मङ्गलबारदेखि बेपत्ता भएका यानबहादुर आज बिहान झ्याकुस्थित सर्सेपु विद्यालय नजिकैको जङ्गलमा मृत फेला परेको प्रहरीले जनाएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
प्रकाशित मिति: २०७९/०२/१२
यस कार्यालयमा मिति २०५७/०१/१३ मा दर्ता भएको **प्रा.लि.नं. १२६६४** को **यनटोरिया ट्रेड सर्कल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०२/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# स्थानीय सरकारको अनुभूति दिलाउने उपप्रमुख रानाको प्रतिवद्धता

**मध्यान्ह संवाददाता**
पर्वत, ११ चैत




पर्वतको पैयूँ गाउँपालिकाकी नवनिर्वाचित उपाध्यक्ष यामकुमारी रानाले पैयूँबासीलाई स्थानीय सरकारको अनुभूति दिलाउने प्रतिवद्धता जनाएकी छन् ।

'समृद्ध पैयूँ, सुखी र खुशी पैयूँवासी' को परिकल्पनालाई यथार्थमा बदल्न स्थानीय सरकार गम्भीरताका साथ लागि पर्ने रानाले बताइन् ।

पैयूँको विकासका लागि केन्द्र सरकार, प्रदेश सरकारसँग निरन्तर लबिङ गर्ने देखि पैयूँको विकासमा सरोकार राख्ने देश तथा विदेशमा रहेका पैयूँवासी नागरिकसँग हातेमालो गर्न आफु सदैव तत्पर रहने समेत उपप्रमुख रानाले बताइन् ।

'जनताले जुन मतका साथ मलाई उपप्रमुखमा निर्वाचित गराउनुभयो । त्यसको सम्मान भनेकै नागरिकको सपना पुरा गर्नु हो । जनमतको अपमान हुन नदिनका लागि गम्भीर छु' उनले भनिन् ।

पैँयूँको समग्र विकासका लागि प्राथमिकता निर्धारण गर्दै अगाडि बढ्ने पनि उपप्रमुख रानाले बताइन् । पैँयूँको विकास मोडालिटी कस्तो हुने भन्ने विषय आवश्यकताका आधारमा निर्धारण हुने समेत रानाको भनाई छ ।

# बलात्कारका घटनाको प्रभावकारी अनुसन्धान गर्न आयोगको आग्रह

**काठमाडौं/मस-** राष्ट्रिय मानवअधिकार आयोगले बलात्कार तथा यौनजन्य घटनाको निष्पक्ष र प्रभावकारी अनुसन्धान गरी पीडितलाई न्याय तथा दोषीलाई कानुनी कारबाही गर्न आग्रह गरेको छ । आयोगका प्रवक्ता डा.टीकाराम भट्टराईले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा यौनजन्य हिंसा तथा बलात्कारका घटनाबाट पीडितको न्यायिक हक तथा सुरक्षाको सुनिश्चितता गर्न भनिएको छ ।

'यौनजन्य तथा बलात्कारका घटनाका पीडित र साक्षीको सुरक्षा गर्न, पीडितलाई मनोसामाजिक परामर्श र क्षतिपूर्ति उपलब्ध गराउन तथा घटनाका आरोपितलाई शीघ्र कानुनी दायरामा ल्याउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ', विज्ञप्तिमा भनिएको छ, 'यस प्रकारका घटनामा प्रहरीको अनुसन्धान कार्यमा सघाउन तथा अनुचित प्रभाव पार्ने कुनै पनि क्रियाकलाप नगर्न नगराउन आयोग सम्बद्ध सबै पक्षलाई अनुरोध गर्दछ ।'

पछिल्लो समय काठमाडौंलगायत देशका विभिन्न भागमा यौनजन्य हिंसा तथा बलात्कारका घटना सार्वजनिक भइरहेका छ । आयोगमा परेको उजुरीका आधारमा उक्त घटनाको अनुगमनसमेत गरिरहेको जनाएको छ । सार्वजनिक भएका यौन हिंसा तथा बलात्कारका घटनाको अनुसन्धानमा नेपाल प्रहरीबाट भएका कार्य तथा देखिएका चुनौती सम्बन्धमा नेपाल प्रहरीका अधिकारी तथा अनुसन्धानमा संलग्न प्रहरी अधिकृतसँग आयोगमा बुधबार छलफलसमेत गरेको छ ।

आयोगका सदस्य लिली थापाले यौनजन्य हिंसा तथा बलात्कारका घटनाको निष्पक्ष र प्रभावकारी अनुसन्धानमार्फत पीडितको समयमै न्याय प्राप्त गर्ने अधिकारको सुनिश्चित गर्न नेपाल प्रहरीको भूमिका प्रभावकारी हुनुपर्ने बताउँदै आरोपितलाई शीघ्र कानूनी दायरामा ल्याउन निर्देशन दिए ।

**साउदीमा रोजगार** | कम्पनी : AYAR BEVERAGE SERVICES COMPANY.ONE PERSON COMPANY
शहर: SAUDI

पुर्व स्वीकृत मिति: २०७९/०१/०१ चलानी नं.: ६०१७८२६९ LT. No.: 262015 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Tea & Others Maker | 1 | 0 | स. काममा दक्ष | 1300 | ४२,१३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ जेठ १९ गते (2 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. २६७/०५८/०५९
**अरनिको ओभरसिज प्रा. लि.**
पो.ब.नं. ८९७५, इपिसि: २५१६, कुपण्डोल, ललितपुर, नेपाल, फोन: ५५५५३६५, ५०१०६५७, ५०१०६५८
फ्याक्स: ५५५५३६६, Email: aranikooverseas@gmail.com, Website: www.aranikooverseas.com

# ‘पशु कल्याणका लागि छुट्टै ऐन’

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ जेठ

कृषि तथा पशुपंक्षी विकास मन्त्री महेन्द्र राय यादवले पशु कल्याण सम्बन्धी छुट्टै ऐन बनाउने तयारी भइरहेको बताएका छन् ।

काठमाडौंमा आयोजित ‘नेपालमा पशु कल्याणको वर्तमान अवस्था र आगामी कार्यदिशा’ नामक गोष्ठीमा मन्त्री यादवले संघीय संसदको चालु अधिवेशनबाटै पारित गर्ने गरी पशु कल्याण सम्बन्धी छुट्टै ऐन बनाउने तयारी भइरहेको जानकारी दिए ।

पशुपंछी तथा मत्स्य विकास निर्देशनालय, वागमती प्रदेश र स्नेहाज् केयरको संयुक्त आयोजनामा भएको कार्यक्रमले नेपालमा पशु कल्याण ऐन तुरुन्त बन्नुपर्ने सहितको घोषणा पत्र पारित गरेको छ ।



संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, सात वटै प्रदेश मन्त्रालय, नेपालमा कृयाशिल विभिन्न पशु कल्याण संघहरु र अन्य सरोकारवालाहरुको सहभागिता भएको कार्यक्रममा नेपालको शिक्षा प्रणाली, चिडियाखाना र समग्र देशमा पशु कल्याणको अवस्था, विश्व पशु स्वास्थ्य संगठन अनुरुप पशु कल्याणको व्यवस्था र पशु कल्याण सम्बन्धी विद्यमान कानूनी अवस्थाको बारेमा ७ वटा कार्यपत्र प्रस्तुत भएको थियो । पशुपंछी तथा मत्स्य विकास निर्देशनालय, वागमती प्रदेशका निर्देशक डा.मोगल प्रसाद शाह, नेपाल पशु चिकित्शा परिषदका अध्यक्ष डा. ब्रज किशोर प्रसाद शाह, स्नेहाज् केयरकी संस्थापक स्नेहा श्रेष्ठले नेपालमा पशु कल्याणको अवस्था सुधारका निम्ती सबै उत्तिकै जिम्मेवार ढंगले लाग्नुपर्ने बताएका थिए ।

# सामुदायिक वनको रकम हिनामिना, ५ जनाविरुद्ध मुद्दा




**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मोरङको मिक्लुङ सामुदायिक वन उपभोक्ता समूहका अध्यक्षसहित ५ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । अख्तियारले बुधबार उपभोक्ता समितिका तत्कालीन अध्यक्ष सन्तोष कुमार लावती, सचिव देविन्द्र कार्की, कोषाध्यक्ष भिमा लम्साल ढकाल, आपूर्ति संयोजक रामप्रसाद पौडेल र लेखा परीक्षण गर्ने सिबि बस्नेत एण्ड एसोसिएट्सका प्रोपाइटर चन्द्र बहादुर बस्नेतलाई विपक्षी बनाई भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

उनीहरुले सामुदायिक वनको २८ लाख ८० हजार ५९६ रुपैयाँ हिनामिना गरेको भन्दै सोही बराबरको बिगो र जरिवाना मागदाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता श्याम प्रसाद भण्डारीले जानकारी दिए ।

अख्तियारका अनुसार मिक्लुङ सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीले फर्जी बिल भरपाई पेश गरी वन कार्यालयको कुनै पनि निकायहरुसँग समन्वय नगरी आफूलाई लाभ हुने र समूहलाई हानी पुर्‍याउने गरी काम गरेको अभियोग लगाइएको छ ।

समूहका तत्कालीन पदाधिकारीहरुले आफूखुसी मुल्य अवमूल्यन गर्ने, काठ निशुल्क बाँड्ने तथा सालको काठलाई कुकाठ वा दाउराको रुपमा मूल्याङ्कन गर्ने, परिमाण घटाई बिक्री वितरण गर्ने जस्ता कार्य गरेको र सोबाट २८ लाख ८० हजार ५९६ रुपैयाँ हानी नोक्सानी पुराएको अख्तियारले जनाएको छ ।

अख्तियारको अभियोगपत्रमा तत्कालीन अध्यक्ष सन्तोष कुमार लावतीले ९ लाख ७७ हजार ३४९ रुपैयाँ, तत्कालीन सचिव देविन्द्र कार्कीले ८ लाख १६ हजार ७४९ रुपैयाँ, तत्कालीन कोषाध्यक्ष भिमा लम्साल ढकालले ७ लाख २ हजार ३४९ रुपैयाँ र तत्कालीन आपूर्ति संयोजक रामप्रसाद पौडेलले ३ लाख ८४ हजार १४९ रुपैयाँ भ्रष्टाचार गरेको दाबी लिइएको छ ।

यसरी काठको अवमूल्यन गरी आफूलाई फाइदा हुनेगरी बेचबिखन गरेको, कम परिमाण देखाएको लगायतका काम गरी भ्रष्टाचार गरेको भन्दै उनीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३५ बमोजिम मुद्दा दायर गर्दै कैद र जरिवानाको मागदाबी लिइएको हो ।

# नवनिर्वाचित जनप्रतिनिधिहरुलाई बधाइ

**काठमाडौं/मस-**लमजुङ सेवा समाज कतारले जिल्लाका सबै पालिकामा स्थानीय तह निर्वाचनबाट विजयी जनप्रतिनिधिहरुलाई बधाई तथा शुभकामना दिएको छ । यस्तै समाजले परिचयात्मक कार्यक्रमका साथै स्थानीय निकाय र लमजुङ सेवा समाज कतारबीच विभिन्न विषयमा खेल्न सकिने समन्वयकारी भूमिका बारेको समेत छलफल भएको छ । संस्थाको एक टोलीले जेठ ९ र १० गते गरि क्लोहासोथर बाहेकका सबै ७ पालिकामा भ्रमण गरि नया जनप्रतिनिधिहरुलाई बधाई तथा शुभकामना प्रदान गर्नुका साथै संस्थाको गत कार्यकालको कार्यप्रगति प्रतिवेदन र यसै सालको भित्तेपात्रो हस्तान्तरण पनि गरेको छ ।

संस्थाको कार्यक्रम दोर्दी गाउँपालिकाबाट सुरु गरेको कार्यक्रम दुधपोखरी गाउँपालिका, राईनास नगरपालिका, सुन्दरबजार नगरपालिका, मर्स्याङ्दी गाउँपालिका, बेसिशहर नगरपालिका हुँदै मध्यनेपाल नगरपालिकामा सम्पन्न भएको थियो । प्राविधिक कारणले जिल्लाको क्लोहासोथर गाउपालिका भ्रमण भने अर्को अनुकुलतमा सम्पन्न गर्ने गरि स्थगित गरिएको र अन्य सबै पालिकाहरुमा उत्साहप्रद तरिकाले सहयोग र सकारात्मक टिप्पणी प्राप्त भएको संस्थाले जनाएको छ ।

दोर्दी गाउँपालिकाको कार्यक्रममा अध्यक्ष युवराज अधिकारी, उपाध्यक्ष बिछबहादुर घले, प्रमुख प्रशासकीय अधिकृत रुकमान गरुङ, वडा ४ अध्यक्ष मिन बहादुर गुरुङ, वडा नं. ८ अध्यक्ष नारान घले लगायतको उपस्थिति थियो भने दुधपोखरी गाउँपालिकाको कार्यक्रममा प्रमुख धनप्रसाद गुरुङ, उपप्रमुख क्षेत्र बहादुर गुरुङ, प्रमुख प्रशासकीय अधिकृत रामबाबु अधिकारी, वडा नं. १ अध्यक्ष दुर्गामान गुरुङ, वडा नं. २ अध्यक्ष अमर गुरुङ, वडा ३ अध्यक्ष श्याम गुरुङ, वडा ४ अध्यक्ष ओम बहादुर गुरुङ, वडा ५ अध्यक्ष दल बहादुर गुरुङ, वडा ६ अध्यक्ष मनिष गुरुङको उपस्थिति थियो ।



यस्तै राइनास नगरपालिकामा अध्यक्ष खड्गबहादुर गुरुङ, उपाध्यक्ष पुष्पराज खनाल, प्रमुख प्रशासकीय अधिकृत गोकर्णराज सुयल र वडा ५ अध्यक्ष शंख बहादुर नेपालीको उपस्थिति थियो भने सुन्दरबजार नगरपालिकाको कार्यक्रममा मेयरकृष्ण प्रसाद कोइराला, उपमेयर भवानी केसी, प्रमुख प्रशासकीय अधिकृत दिवाकर पौडेल र वडा ७ अध्यक्ष जयराम रेग्मीको उपस्थिति थियो ।

यसैगरी मर्स्याङ्दी गाउँपालिकाको कार्यक्रममा अध्यक्ष अर्जुन गुरुङ, उपाध्यक्ष जुनमाया थापा र वडा नं ८ अध्यक्ष धनसिङ तामाङको उपस्थिति थियो भने वेसिशहरमा मेयर गुमानसिंह अर्याल, उपमेयर पद्मा गुरुङ, वडा ८ अध्यक्ष ऋषि राम बस्नेत तथा मध्यनेपाल नगरपालिकामा उपमेयर सीता गुरुङ, प्रमुख प्रशासकीय अधिकृत इश्वरी प्रसाद शर्मा र वडा ६ अध्यक्ष विष्णुभक्त पौडेलको उपस्थिति थियो । भ्रमण दलमा संस्थाका द्वितीय उपाध्यक्ष बुद्धिसागर सुवर्णकार, तृतीय उपाध्यक्ष कल्याण थापा, अनन्त घिमिरे, देव गुरुङ, दिलमाया थापा सहभागी थिए भने आ-आफ्नो पालिकामा टोली पुग्दा उक्त पालिकाका संस्थाका पदाधिकारी, पूर्व पदाधिकारीहरुको उल्लेख्य उपस्थिति थियो । त्यस क्रममा शैलेन्द्र बुढाथोकी, प्रेम तिवारी, ठाकुर भट्ट, रामदेव भट्ट, कृष्ण बराल, शिव रसाइली लगायतले आ-आफ्नो पालिकामा टोली पुग्दा सहभागिता जनाएका थिए ।

सबै जसो पालिकाका प्रमुखहरुले परोपकारी सामाजिक संस्थाले यस प्रकार निश्वार्थ सेवाभावले काम गर्नु सकारात्मक भएको उल्लेख गर्दै आगामि दिनमा लमजुङ सेवा समाजसँग द्विपक्षीय समन्वय र सहायता आदानप्रदान गरिने वताएका थिए । पालिका प्रमुखहरुले शुभकामना ग्रहण गर्दै अब आउँदो पाँच वर्षमा नागरिकले महसुस गर्ने गरि समृद्धिका विविध कार्यक्रम र परियोजनाहरु लागुगरिने बताए ।

संस्थाका उपाध्यक्ष बुद्धिसागर सुवर्णकारले आगामी दिनमा लमजुङ जिल्लाका सबै पालिका प्रमुखहरुलाई साझा अनलाइन अन्तरक्रिया आयोजना गरी समग्र लमजुङको बृहत्तर हितमा छलफल आयोजना गरिने जानकारी दिए ।

संस्थाका पूर्व सल्लहाकार कृष्ण बरालले संस्थाले मध्यनेपाल नगरपालिकामा गरेका मानवीय सहायताको प्रसंग निकाल्दै द्विपक्षीय सहकार्य अझ प्रभावकारी हुने बताए । संस्थागत रुपमा निर्णय गरि सुरुवात भएको दुई दिने उक्त कार्यक्रम समापन पश्चात् लमजुङ सेवा समाज कतारका अध्यक्ष सिताराम थापाले भ्रमण दलका सबै सदस्य, सहयोगी र भ्रमणको क्रममा जोडिने सबै शुभचिन्तक प्रति सिंगो संस्थाको तर्फबाट हार्दिक आभार र कृतज्ञता ज्ञापन गरेका थिए ।

# लागूऔषधसहित चार जना पक्राउ


काठमाडौं/मस- प्रहरीले एक हजार २२२ एम्पुल लागूऔषधसहित चार जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सप्तरी विहुल गाउँपालिका-३ का २२ वर्षीय मनिषकुमार साह, ३२ वर्षीय भोलाप्रसाद साह, १९ वर्षीय कुमार साह र २४ वर्षीय बालकुमार दास रहेका छन् । प्रहरीको लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले काठमाडौं महानगरपालिका-९ पिङ्गलास्थानबाट उनीहरुलाई पक्राउ गरेको हो ।

पक्राउ परेका चारैजनालाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ अन्तर्गत लागूऔषध मुद्दामा काठमाडौं जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान गरिरहेको ब्यूरोका प्रहरी उपरीक्षक जीवनकुमार श्रेष्ठले जानकारी दिए ।

## कर्मचारी आवश्यकता

यस मेनपावर कम्पनीका लागि कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।
A reputed company is seeking for qualified, competent, and highly motivated candidates for the following positions:

RECEPTIONIST - 1 (Male/Female)
ADMIN MANAGER- 1 (Male/Female)
PUBLIC RELATION OFFICER - 1 (Male/Female)
RUNNER BOY- 1 (Male)



Y. K. MANPOWER AGENCY PVT. LTD.
4th Floor, Giri Complex, Sambhumarga-9, Airport, Kathmandu
Tel.: +977 14499181, +977 14497116, +977 9801234999, +977 9801234995,
E-mail: ykmanpoweragency@gmail.com
info@ykmanpower.com, Web.: www.ykmanpower.com
Govt. Lic. No. 1439/074/075

# महिनावारी दिवसमा साइकल र्‍याली




काठमाडौं/मस- एक्सपोज नेपालले महिनावारी दिवसको अवसरमा काठमाडौंमा बृहत साइकल र्‍याली गर्ने भएको छ ।

२८ मे अर्थात् यही जेठ १४ गते शनिबार काठमाडौंको बसन्तपुरदेखि ललितपुरको मंगलबजारसम्म साइकल र्‍याली गरिने संस्थाका अध्यक्ष ज्ञान महर्जनले जानकारी दिए । बुधबार राजधानीमा पत्रकार सम्मेलन गर्दै एक्सपोज नेपालले ‘विद्यालयमा महिनावारी’ भन्ने सन्देशका साथ वातावरणमैत्री पुनः प्रयोग गर्न मिल्ने प्याडको प्रयोगबारे चेतना जगाउन वातावरण मैत्री सवारीको प्रयोगबाट र्‍याली आयोजना गरिएको जानकारी दिएको हो ।

बिहान साढे सात बजे बसन्तपुरबाट सुरु हुने र्‍याली दरबारमार्ग, पुतलीसडक, अनामनगर, थापागाउँ, बानेश्वर, बबरमहल, थापाथली हुँदै पुल्चोक, जावलाखेल, लगनखेलबाट मंगलबजार पुगी समापन हुनेछ ।

र्‍यालीमा ३०० जना साइकलयात्रीहरुले सहभागिता जनाउनेछन् । मंगलबजारमा हुने समापन कार्यक्रमलाई उर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले सम्बोधन गर्ने जनाएको छ । एक्सपोज नेपाल महिलामाथि हुने सबैखाले हिंसा र महिनावारी स्वच्छताको विषयमा काम गर्दै आइरहेको संस्था हुन् ।

सन् २००७ मा स्थापना भएको सो संस्थाले महिलाहरूलाई आर्थिक रूपमा सबल बनाउने, हिंसा न्यूनीकरणका लागि महिला पुरुष दुवैलाई चेतना अभिवृद्धि गर्ने, स्वस्थ महिनावारीका बारेमा कार्यक्रम गर्नुका साथै पुनः प्रयोग गर्न सकिने प्याड निमार्ण र बिक्रिवितरण गर्दै आइरहेको छ ।

संस्थाले विभिन्न स्थानीय तहसँगको सहकार्यमा सीप प्रदान गरी हालसम्म २३ जिल्लाका ४ हजार ९ सय जना महिलालाई चेतना अभिवृद्धिसहित आर्थिक उपार्जनका लागि काम गरिरहेको अध्यक्ष महर्जनले जानकारी दिए ।

# एनआरएनएद्वारा नीति तथा कार्यक्रमको स्वागत

**काठमाडौं/मस-** गैरआवासीय नेपाली संघ (एनआरएनए)ले नेपाल सरकारले आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रममा आफूले उठाउँदै आएका विषयहरू समावेश भएको भन्दै उत्साहित भएको जनाएको छ । सङ्घले बुधबार विज्ञप्तिमार्फत खास गरी संसद्मा विचाराधीन नागरिकता विधेयकलाई छिट्टै टुङ्गोमा पुर्‍याउने सरकारको प्रतिबद्धताको स्वागत गरेको छ । सङ्घका कार्यकारी अध्यक्ष कुल आचार्य र अध्यक्षद्वय रविना थापा एवं डा. बद्री केसीले विज्ञप्ति जारी गरी लामो समयदेखि थाती रहेको गैरआवासीय नेपाली नागरिकताको व्यवस्था छिट्टै कार्यान्वयनमा आउने विश्वास व्यक्त गरेका छन् ।

संसद्को चालु बजेट अधिवेशनबाटै नागरिकता विधेयक पारित गरी गैरआवासीय नेपाली नागरिकताको विषयलाई तार्किक निष्कर्षमा पुर्‍याउन सङ्घले सरकार तथा सबै राजनीतिक दलहरूलाई आग्रह गरेको छ । ‘हामीले हालै प्रधानमन्त्री कार्यालयमा सरकारको नीति तथा कार्यक्रममा समेट्न दिएको आठबुँदे सुझावमध्ये धेरै सुझावहरू समेटिएकामा हामी नेपाल सरकारप्रति आभार प्रकट गर्दछौं,’ विज्ञप्तिमा उल्लेख छ ।

नीति तथा कार्यक्रममा विदेशमा नेपालीको हकहित संरक्षण गर्ने र समस्यामा परेका नेपालीलाई सहयोग गर्ने कार्यलाई प्रभावकारी बनाउने, कन्सुलर सेवालाई सरल, सहज र पहुँचयोग्य तुल्याउन स्थानीय तहसँगको कार्यलाई थप विस्तार गर्ने तथा गैरआवासीय नेपालीलाई डिजिटल परिचयपत्र जारी गर्ने जस्ता विषय उल्लेख गरिएका छन् ।

यस्तै, सरकारले निर्वाचनसम्बन्धी एकीकृत कानुन तर्जुमा गर्दै आधुनिक सूचना प्रविधिको प्रयोग गरी प्रवासमा रहेका नेपालीलाई समेत निर्वाचनमा सहभागी गराउन आवश्यक व्यवस्था मिलाउने नीति तथा कार्यक्रममा उल्लेख गरेको छ ।

संघले नीति तथा कार्यक्रम कार्यान्वयन गरिए गैरआवासीय नेपालीले लामो समयदेखि रोकिएका काम पूर्ण हुने आशा र विश्वास लिएको छ ।

## जहदा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मझारे, मोरङ्ग

**ठेक्का स्विकृत गर्ने सम्बन्धि आसयको सूचना**

**प्रकाशित मितिः २०७९/०२/१२ गते**

यस कार्यालयको मिति २०७८।१२।१७ को सूचना बमोजिम प्राप्त हुन आएका देहाय बमोजिमका शिलबन्दि वोलपत्रहरु सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ बमोजिम स्विकृतको लागि छनौट गरिएको यस कार्यालयको मिति २०७९।०२।११ गते निर्णय भएकोले सोही ऐनको दफा २७ को उपदफा २ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न | ठेक्का नं. | निर्माण व्यवसायीको नाम | कामको विवरण | कवोल अंक मु.अ. कर तथा पिएस बाहेक |
|---|---|---|---|---|
| १ | JRM/NCB/Boring/078/079-14 | Nirmal Nirman Sewa, Jahada -05, MORANG | Construction of Deep Boring Installation work at Jahada Rural Municipality (ward no.1 to 7- 2nd Phase) | २३,३३,५११।५० तेईस लाख तेत्तीस हजार पाँच सय एघार र पैसा पचास मात्र |


प्रमुख प्रशासकिय अधिकृत

## HOSPITALITY & HOTEL MANAGEMENT COURSES

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इन्स्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000 F&B Service, Production, HK, Barista, FO, CSA English Free Jobs.




तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL
HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१२ जेठ २०७९, बिहीबार
26 May 2022, Thursday

## सम्पादकीय

# कीर्ति बनाउने लोभ

संविधान बनेपछि दोस्रो कार्यकाल निम्ति निर्वाचित जनप्रतिनिधिले कार्यभार सम्हालिसकेका छन् । केही स्थानीय तहको नतिजा आउन बाँकी छ । तर अधिकांश स्थानीय तहका जनप्रतिनिधिले गएको ६ जेठमा पद तथा गोपनियताको शपथ लिए । त्यसपछि अन्तिम नतिजा आए लगत्तै पदभार ग्रहण गर्ने क्रम चलिरहेको छ । बुधवारसम्म एघार वटै उपमहानगर पालिकाको नतिजा आएको छ भने काठमाडौं बाहेक सबै महानगरको नतिजा आइसकेको छ । काठमाडौं सहित बाँकी स्थानीय तहको नतिजा आइसकेपछि सबै जनप्रतिनिधिको पाँच वर्षे कार्यकाल शुरू हुनेछ । यसपटक अघिल्ला जनप्रतिनिधि भन्दा केही सहज हुने देखिन्छ । किनकि ०७४ को चुनावबाट निर्वाचित जनप्रतिनिधिले कानूनी, संरचनात्मक र मनोवैज्ञानिक रूपमा पहिलोपटक स्थानीय सरकारको अभ्यास गर्न परेको थियो ।

०७२ को संविधानले स्थानीय सरकारको कल्पना गरेकाले पहिलोपटक निर्वाचित जनप्रतिनिधिलाई केही असहजता थियो । यसपटक भने अघिल्ला जनप्रतिनिधिले बनाएको संरचना, कानून र मनोवैज्ञानिक आधारबाट अगाडि बढ्नुपर्नेछ । पहिलोपटक निर्वाचित जनप्रतिनिधिले भने प्रदेश र संघसँग अधिकारका क्षेत्राधिकार देखि स्थानीय अवरोध समेत खेप्नु परेको थियो । संविधानले अधिकार धेरै दिएको, तर केन्द्रीकृत मानसिकताबाट काम गर्दै आएका कर्मचारीको सहयोग पाउन सकेका थिएनन् । यसपटक कर्मचारीहरूको पनि तुलनात्मक सहयोग मिल्ने देखिन्छ । तर जनप्रतिनिधिहरूले शुरूवाति सन्देश दिने प्रयत्न समेत गरेका छन् । तर त्यस्तो सन्देश चाहिँ नमूनाका रूपमा लिइएको छ । अरू पालिकाका प्रमुख भन्दा अलग देखिन नमूना घोषणा, प्रतिबद्धता र निर्णय भएका छन् ।

आम पंक्तिमा एक र उत्कृष्ठ देखिने चाहना समाजकै उपज हुन् । कीर्ति राखेर जानुपर्छ भन्ने शिक्षा लामो समय चल्यो । भानु भक्तको रचनालाई अनुशरण गरेर हुर्किएका पुस्ता र तिनको मनोविज्ञानका कारण नमूना बन्ने चाहना प्रकट भएको लुक्दैन । पूर्ववर्ती सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीले धरहरा, पानी जहाज जस्ता कीर्तिमानी परियोजनालाई जोड दिनु पनि भानु भक्तकै रचनाको शृङ्खला र प्रभावका रूपमा समेत हेर्न सकिन्छ । जबकी सरकारले नमूना र उत्कष्ठ भन्दा पनि आम नागरिकलाई सुविधा दिनतिर ध्यान दिन जरूरी छ । समृद्ध समाज नमूना कामले नभएर आम परिवर्तनबाट मात्रै सम्भव छ । यसतर्फ जनप्रतिनिधिको ध्यान जान जरूरी छ ।

# स्थानीय निर्वाचन र स्वतन्त्रको जगजगी

*निर्वाचनमा तुलनात्मकरूपमा कम मत खसेको छ । कम मत बहिष्कारका कारणले हो कि वर्तमान मतदातामा देखिएको राजनीतिक व्यवस्था र विभिन्न दलका नेताहरूप्रतिको वितृष्णाका कारणले हो ? समीक्षा हुन आवश्यक छ ।*

अग्रलेख



● डा. केशव देवकोटा

स्थानीय तहको निर्वाचनको परिणामलाई लिएर विभिन्न किसिमका टिका टिप्पणीहरु भैरहेका छन् । सामान्यतया: देशैभर एकैदिन भएको स्थानीय निर्वाचनको सबै क्षेत्र र पक्षमा तर्क वितर्क हुनु स्वाभाविक छ । यसमाथि पनि नेपालमा यस पटक अनौठो किसिमले निर्वाचन भएको छ । सत्ता पक्षले गराएको स्थानीय निर्वाचनलाई प्रमुख प्रतिपक्षले चुनौती दिँदै पुनः निर्वाचन गराउन माग गरेका कारण समस्या निक्कै पेचिलो बनेको मान्नुपर्दछ । अझ यस पटक गराइएको स्थानीय निर्वाचन विरुद्ध एमालेले कानूनी उपचारको बाटो अवलम्बन गरेको खण्डमा पनि आश्चर्य मान्न नसकिने भएको छ । यथार्थमा यस पटकको स्थानीय निर्वाचनलाई दलहरुले तीन प्रकारले उपयोग गरेको देखिएको छ । त्यो भनेको निर्वाचनलाई सम्पूर्णरुपमा स्वीकार गर्ने, बहिष्कार गर्ने र त्यसलाई आंशिकरुपमा प्रयोग गर्ने तीनथरि पार्टीहरु देखिएका थिए । तेस्रोथरिमा स्वतन्त्र उम्मेदवारी दिनेहरु पनि पर्दछन् । त्यसैले उक्त तीनवटै पक्षले यो निर्वाचनको आ-आफ्नै ढंगले मूल्यांकन गरेको देखियो । सबैले आ-आफ्नो पक्षले जितेको दाबी गर्ने कुरा टाढाको विषय रहेन । निर्वाचनलाई नै सम्पूर्णरुपमा स्वीकार गरेका कांग्रेस र माओवादी केन्द्रलगायतका संसदवादी दलहरुका बीचमा पनि एकता कायम हुन सकेको थिएन । सरकारको नेतृत्व गरिरहेको कांग्रेसको नेतृत्वमा रहेका माओवादी केन्द्रलगायतका दलहरुले आपसमा चुनावी तालमेलको नारा दिएका थिए भने एमालेले एक्लै निर्वाचन लड्ने उद्घोष गरेको थियो । तथापि एमाले पनि चुनावी तालमेलबाट बिटुलो रहन सकेन । उसले राप्रपा नेपाललगायतका आधा दर्जन जति विभिन्न पार्टी तथा समूहहरुलाई आफ्नो पार्टीको निर्वाचन चिन्ह प्रयोग गर्ने अनुमति दिएको थियो । कतिपय ठाउँमा कांग्रेस र माओवादी केन्द्र मात्र नभएर आफैँबाट फुटेर गएको एकीकृत समाजवादीसँग पनि चुनावी तालमेल गर्न पछि परेन । पाँच दलीय गठबन्धनका माओवादी केन्द्र बाहेकका घटक र एमालेलगायतका अन्य दलहरुले आ-आफ्नो पार्टीको चुनावी घोषणापत्र पनि सार्वजनिक गरेका थिए तर, माओवादी केन्द्रले त्यस्तो घोषणापत्र सार्वजनिक गरेन । देश र जनताका सामू आफ्नो भावी प्रतिबद्धता जनाउने सामान्य दायित्व पनि माओवादीबाट पुरा भएन । 'नङ्गा नाँचे हजार दाउ' भनेजस्तै जसरी पनि नाँच्न तयार रहेका दलहरुका लागि आफ्नो, सिद्धान्त, मूल्य/मान्यता र आदर्शको कुनै ख्याल नहुनु आश्चर्यको विषय रहेन ।



संसदवादी दलहरुको चुनावी नीति भनेकै 'एनी हाउ पद हत्याउ' भन्ने भएपछि जनताका सामू कुनै आदर्श देखाइरहनु पनि परेन । पाँच दलीय गठबन्धनका घटकहरुले पहिलो त गठबन्धन बाहिरका अन्य दलहरुसँग चुनावी तालमेल गर्न नपाइने भनेका थिए भने दोस्रो, तालमेल हुन नसकेका स्थानमा मैत्रीपूर्ण प्रतिस्पर्धा गर्ने भनेका थिए । तर, उपरोक्त दुवै कुरा उनीहरु आफैले उल्लंघन गरे । त्यस्तो उल्लंघन गर्नुलाई उनीहरुले आ-आफ्नो बहादुरीसमेत ठानेको देखियो । अब आएर गठबन्धनका दलहरुकै बीचमा एकले अर्कोलाई धोखा दिएको आरोपसमेत लगाउन थालेका छन् । वास्तवमा पाँच दलीय गठबन्धनका सबै घटकहरु धोखेबाज र अवसरवादी देखिन्छन् । जसले एकले अर्कोलाई छेउमा भेटेको खण्डमा घचेट्ने र माझमा भेटेको खण्डमा चेप्ट्याउने काम गरे । एउटै गठबन्धनमा रहेका दलहरुका बीचमा सामान्य मित्रवत व्यवहार पनि देखिएन । कतिपय ठाउँमा त एकले अर्कोमाथि सांघातिक आक्रमण गरेको समेत देखियो । आपसमा गरेको आरोप र प्रत्यारोपको त हिसाब गरी साध्य नै भएन । कांग्रेस र माओवादी केन्द्रसहितको पाँच दलीय गठबन्धन इण्डो-पश्चिमा शक्तिले बनाइदिएको गठबन्धन भएका कारण त्यसमा रहेका घटकहरुले एकले अर्कोलाई मानिरहनु पर्ने कुनै आवश्यकता थिएन र छैन पनि । सो शक्तिले गठबन्धन भंग गर्न चाहेको खण्डमा कुनै घटकले रोक्न/रोकाउन सक्ने अवस्था छैन । उनीहरुले चाहँदैमा गठबन्धनबाट बाहिर आउन पनि सक्दैनन् । जुन कुरा राष्ट्रिय जनमोर्चाले पाँच दलीय गठबन्धनबाट हटेको घोषणा गरेलगत्तै फेरी सोही मोर्चामा हाजिर गर्न पुगेबाट स्पष्ट हुन्छ । संसदमा देखिएको एमालेको पछिल्लो भूमिकाले पनि इण्डो-पश्चिमा प्रभावको संकेत गरेको छ ।

*ठूला मानिएका दलका अधिकांश नेताहरूको पकड रहेका स्थानमा सम्बन्धित दल पराजित भएका छन् । कतिपय ठाउँमा विद्रोही र नयाँ उम्मेदवारहरूको अस्वभाविकरूपमा जित भएको छ । देशव्यापी रूपमा देखिएका यस्ता घटनालाई प्रमुख छलफलको विषय बनाइनु आवश्यक छ ।*

संसदमा विगत नौ महिनासम्म अवरोध गर्दै आएको एमालेले एकाएक आफ्नो पूर्ववर्ती नीतिमा परिवर्तन गर्नु बुझ्न सकिने विषय भएको छ । गठबन्धनमा हेरफेर हुन सक्ने संकेत पाएर होला एकीकृत समाजवादीलगायतका केही घटकले गठबन्धनकै बारेमा पुनर्विचार गर्नुपर्ने अवस्था आएको बताइसकेका छन् । यो गठबन्धन नेपाली कांग्रेसको नेतृत्वमा वाम पार्टीहरुलाई राखेर अप्राकृतिक ढंगले निर्माण गरिएका कारण यसको निरन्तरता लामो र टिकाउको हुन नसक्ने यस अघि नै आकंलन पनि गरिएको थियो । यो निर्वाचनबाट पाँच दलीय गठबन्धनका कांग्रेसबाहेकका अन्य दलहरु असफल प्रायः भएका कारणले पनि गठबन्धनमा हेरफेरका संकेतहरु देखिएका हुन् ।

निर्वाचनमा तुलनात्मकरुपमा कम मत खसेको सही हो तर, त्यो बहिष्कारका कारणले हो कि वर्तमान मतदातामा देखिएको राजनीतिक व्यवस्था र विभिन्न दलका नेताहरुप्रतिको वितृष्णाका कारणले हो ? त्यसको अलग्गै अध्ययन अनुसन्धान र व्याख्या/विश्लेषणको आवश्यकता रहेको छ । निर्वाचनमा एउटा पक्षले जसरी पनि स्वतन्त्र उम्मेदवारी दिएर राजनीतिक भण्डाफोरको नीति लिएको थियो । त्यसको उपलब्धिकाबारेमा पनि अलग्गै छलफलको आवश्यकता रहेको छ । नेमकिपाले भक्तपुरमा नेका, एमाले, माओवादी केन्द्रलगायतका सबै दलले गठबन्धन बनाउँदा पनि जसरी त्यसका विरुद्ध लडेर अत्याधिक मतले विजय पाएको छ, त्यसलाई पनि अलग्गै छलफलको विषय बनाइनुपर्दछ । यस सन्दर्भमा तथ्यांकहरुले के देखाएका छन् भने पाँच दलीय गठबन्धनका घटक र एमालेलगायतका दलका प्रायः नेताहरुको क्षेत्रमा सम्बन्धित पार्टीका उम्मेदवारहरुले चुनाव हारेका छन् । अर्थात् त्यस क्षेत्रमा नेताहरुको शाख गिरेको छ ।

नतिजालाई हेर्दा, कांग्रेस र माओवादी केन्द्रलगायतका गठबन्धनका घटक र एमालेका अधिकांश नेताहरुको पकड रहेका स्थानमा सम्बन्धित दलको पराजय भएको देखिन्छ । कतिपय विद्रोही र नयाँ उम्मेदवारहरुले प्रमुखता पाएको घटनालाई पनि यस सन्दर्भमा गणना गरिनु उपयुक्त हुन्छ । गतिबिधिका हिसाबले यस पटकको स्थानीय निर्वाचनमा संसदवादी दलहरु आफै नाङ्गिएमा छन् भने जनताले पनि उनीहरुलाई सकेको ठाउँमा पराजित गरेर निर्मम ढंगले नै दण्डित गरेका छन् । यो कुनै संयोगको विषय होइन । देशव्यापी रुपमा देखिएका यस्ता घटनालाई प्रमुख छलफलको विषय बनाइनु पर्दछ । यस पटकको स्थानीय निर्वाचनको मुख्य निष्कर्ष र एक मात्र सन्देश भनेको प्रमुख दलका प्रमुख नेता र हाल देशमा विद्यमान विकृत संसदीय बहुदलीय व्यवस्था असफल भयो भन्ने हो । त्यसैले भावी दिनमा विद्यमान राजनीतिक व्यवस्था र हाल क्रियाशील ठूला दलका ठूला नेताहरु किनारा लाग्नुको अर्को विकल्प छैन । जनताको ताजा जनादेशलाई बुझेर आफै पछाडि हट्नु भएन भने उहाँहरुलाई समयले दण्डित गर्ने छ । दलहरु र विद्यमान राजनीतिक व्यवस्था असफल भएको कुरा बुझेका कतिपय तानाशाही शक्तिहरु राजतन्त्र फर्काउने प्रयासमा लागेको पनि देखिएको छ । तर, हालको राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिले गर्दा नेपालमा सहजै राजतन्त्र फर्किने सम्भावना छैन । नेपालमा सक्रिय रहेका विदेशी शक्तिको जोड बलमा कथंकदाचित राजतन्त्र फर्काउने काम गरियो भने त्यो नेपालका लागि ठूलो अभिषापसिद्ध हुनेछ । त्यसैले अबको तयारी भनेको वैज्ञानिक समाजवाद स्थापनाको पक्षमा हुनुपर्दछ । जसका लागि सबैभन्दा पहिले हालैको निर्वाचनबाट नेपाली जनताले दण्डित गरेका विभिन्न पार्टीका नेता र वर्तमान राजनीतिक व्यवस्थाको भण्डाफोर हुनुपर्दछ ।

## सामाजिक सञ्जाल



**- रामेश कोइराला**

हरेक उपभोग्य वस्तुमा भइरहेको महँगीको मारमा परेका जनतालाई आफ्ना केही करमा कटौति गरेर भए पनि राहत दिनु सरकारको काम हो । तर सरकार कि दलको कि गठबन्धनको हुन्छ, जनताको हुन्न । जनताको दुःखमा सरकारको वास्ता छैन ।



**- सरल सुमन**

तेलको राजश्वले साधारण खर्च धानेको छ ? साधारण खर्च कटौती नगरी कर हटाउन सकिन्न । वास्तविक सवालः आयात गर्दा अशुल गरिने भन्सार महशुलमा आधारित राजश्व नै साधारण खर्चको मूल स्रोत रहेकोमा यसबाट मुक्ति कसरी पाउने भन्ने हो ।



**- राजु अधिकारी**

"मलाई मतदाताले पत्याएनन्, मैले विश्वास दिलाउन सकेको रहेनछु", कोही भन्दैन । "अन्तरघात भो, फलानोले हरायो" मात्र भन्छन् । कमजोरी स्वीकार गर्दा जीवन सकिन्न के, नयाँ सुरु हुन्छ बरू । के साह्रो ढोङ के !



**- सुर्यराज आचार्य**

स्थानीय निकायलाई नीति र योजना निर्माणको अधिकार पनि छ । थोरै गृहकार्य गर्न सक्दा उपयुक्त नीति/योजना तर्जुमा गरी उल्लेख्य परिणाम निकाल्न सकिन्छ । तर जनप्रतिनिधिको सोच सीमित बजेट स्रोतको लोकप्रिय वितरण तर्फ मात्र देखिन्छ ।



**- श्रीकुमार कन्यै**

राजनीतिक पद्धति केवल सपना बाँड्ने कौशल भएका व्यापारीहरूको चक्रब्यूहमा केन्द्रित छ, दिगो विकास योजना बनाउन पनि पढे लेखेको व्यक्ती चाहियो । २/४ अक्षर पढेकाहरू दिन दिनै पार्टी फेर्नमा व्यस्त । चुनाव हारे, तर पार्टी बदलेर भए पनि खर्च उठाउनमा व्यस्त ।

# महिला समस्या र मुक्तिको सवाल

विचार



● सरस्वती महरा

महिला समस्या महिलाको व्यक्तिगत विषय र समस्या मात्र नभएर सामाजिक विषयवस्तु र समस्या पनि हो । महिला मुक्ति पुरूषहरूको मुक्तिसहित समाजको समग्र मुक्तिसित जोडिएको अर्थसामाजिक विषय हो । त्यसो र महिला भेदभाव र हिंसाका सानाभन्दा साना घटनादेखि लिएर बलात्कार जस्ता जघन्य घटनाहरुको स्रोत र मुख्यकारक तत्व पनि त्यसभित्र नै खोजिनुपर्दछ । तर मुख्य विषयलाई डाइभर्ट गरेर पुरूष लिङ्ग र स्त्री योनीको मात्र कुरा गर्ने, योनी भएकै कारण स्त्रीले बलात्कार जस्ता जघन्य घटनाहरु खप्नुपर्ने वा परेको जस्ता तर्क र मान्यताहरूलाई स्थापित गर्न खोज्ने स्त्रीवादी यौनवादी चेतना महिलामुक्तिको नाममा पनि पेशकश हुने र भइराखेको यतिबेला बढो आकर्षक र दमदार देखिन्छ । बढो विद्रोही, आकर्षक र ऱ्याडिकिल देखिने नारीवादले यतिबेला स्त्रीचेतनाको सामाजिक र सांस्कृतिक स्टेट्सलाई स्त्रीयोनीसँग मात्र जोडेर त्यसको समर्थन वा विरोध गर्ने नाममा अन्ततः महिला योनी मात्रमा समग्र महिला समस्या र मुक्तिको विषयलाई केन्द्रित गरेको बुझ्न गाह्रो हुँदैन ।



यसको कारणमा निजी सम्पत्तिमाथि आधारित सामाजिक उत्पादन सम्बन्धसित जोडिएको महिलामुक्तिको मुल गम्भीर अर्थराजनैतिक- सामाजिक प्रश्नलाई, श्रमजीवि सर्वहारा महिलाहरूको दृष्टिकोण बिहीन बनाउँदै, जहिलेसुकै मध्यमवर्गीय सोंच र दृष्टिकोणले काटछाँट र नापजोख गरेर, सर्वहारा वर्गका महिलालगायतका समस्याको हललाई महिला योनीको समर्थनमा पुरूषको सद्देलिङ्ग वा बलात्कारी लिङ्गको विरोधको स्त्रीमुक्तिको स्त्रीवादी नुस्का, उपाय र अपील, महिलामुक्तिकै हिमायतीहरूबाट पनि यतिबेलाको पेशकश गज्जब लाग्दछ ।

परिवारभित्र र बाहिर समाजमा महिलामाथि हुने जुनसुकै विभेद र बलात्कार जस्ता घटना घटाउन स्त्रीद्वेषी समाजको सामाजिक चरित्र र स्त्रीविरोधी विकृत/कुरूप सोच, मूल्य मान्यता र मानसिकताले पनि मुख्य भूमिका खेलेको कुरालाई उजागर नगर्नु समस्या हो । समकालीन समग्र परिदृश्यमा स्त्रीद्वेषी पितृसत्तावादी पूँजीवादी भूमण्डलीकृत सत्ता, संरचना र वैचारिकताको विरोधलाई, महिला समस्या र मुक्तिको मुल/केन्द्रीय विषयवस्तु बनाउनुपर्नेमा पुरूष लिङ्ग र महिला योनी मात्रको बिषयलाई बहस र बहसको केन्द्र बनाइनु र बनाउन खोज्नुले अन्ततः महिला मुक्तिको अर्थसामाजिक सम्बन्ध र व्यवस्थासित जोडिएको वर्गीय प्रश्नको मुल विषय, तर्क र ओरियेन्टेशनलाई नै दिग्भ्रमित र ओझेलमा पार्ने निश्चित देखिन्छ ।

*महिला समस्या महिलाको व्यक्तिगत विषय र समस्या मात्र नभएर सामाजिक विषयवस्तु र समस्या पनि हो । महिला मुक्ति पुरूषहरूको मुक्तिसहित समाजको समग्र मुक्तिसित जोडिएको अर्थसामाजिक सन्दर्भ हो । महिला भेदभाव र हिंसाका सानाभन्दा साना घटनादेखि लिएर बलात्कार जस्ता जघन्य घटनाहरूको स्रोत र मुख्यकारक तत्व पनि त्यसभित्र नै खोजिनुपर्दछ ।*

स्त्रीमाथि हुने लिङ्गिय विभेद, हिंसा र बलात्कार जस्ता घटनालाई सर्वहारा दृष्टिकोणसहितको वर्गीय प्रश्न र सापेक्षतामा हल गर्ने विषयलाई यतिबेला केन्द्रीय विषय बनाइनु पर्नेमा त्यस विपरित शहरी मध्यम वर्गले स्त्रीवादको लिङ्ग र योनी मात्रको सापेक्षतामा महिला समस्या र मुक्तिको प्रश्नलाई बुझ्ने र उठाउने गरेको छ । यसले महिला मुक्तिको समग्र प्रश्नलाई कसरी र कति हल गर्नसक्छ र आजसम्म कति हल गर्न सकेको छ प्रश्न कायमै छ । महिला मुक्तिका खास हिमायतीहरूले त्यतापट्टि प्रश्न सोझ्याउनु पर्ने र उठाउनु पर्ने हो न कि बाहिरी र सतही तवरमा मात्रै आकर्षक र रयाडेकिल देखिने स्त्रीवादको ट्रेन्डमा ट्रेन्ड भएर । महिला मुक्तिको सामाजिक सत्तासित जोडिएको मुल राजनैतिक प्रश्नलाई नै धरापमा पार्दै अन्ततः लजिक्ली स्त्रीवादको वर्गनिरपेक्ष राजनैतिक र सामाजिक सुधारवादी ट्रेन्डलाई स्थापित गर्न खोज्ने कुरा निश्चय पनि त्यो महिलामुक्तिका हिमायतीहरूका लागि पनि राम्रो कुरा हुनेछैन र हुँदैन नै । सो यतिबेला त्यतापट्टि ध्यान पुऱ्याउनु आवश्यक हुन्छ शायद ।

# पराजितपछि पूर्व मेयरले गाउँमा आतंक मचाउन थाले : उपमेयर पटेल



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ११ जेठ

रौतहटको देवाहीगोनाही नगरपालिकाको नवनिर्वाचित उपमेयर परनिया देवी पटेलले स्थानीय चुनावमा पराजित भएपछि जसपाका पूर्व मेयर धमेन्द्र पटेल तथा उनी निकट गिरोहले देवाही गाउँमा आतंक मचाउन थालेको आरोप लगाएकी छन् । वर्तमान उपमेयरको घरमा सांघातिक आक्रमण लगायत कांग्रेसबाट वडा अध्यक्ष उम्मेदवारलाई समेत कुटपिट गरी घाइते बनाएको उनले बताइन् । उनको अवस्था गम्भीर रहेको छ । आक्रमणमा परी दर्जनभन्दा बढी मानिस घाइते भएको बताइएको छ ।

नगरपालिकामा पराजित भएको जसपाका पूर्व मेयर पटेल, पूर्व उपसभापति रामआशिषाराय यादवको संलग्नतामा गिरोहले निर्वाचित उपमेयरको घरमा आक्रमण साथै स्थानीयहरमाथि आक्रमण गरेको बताइएको छ । घाइते हुनेहरुमा कांग्रेसबाट वडा अध्यक्षका प्रत्यासी दिलिप पटेल, स्थानीय कृष्णा जैसवाल, रोशन यादव, कांग्रेस नेता नेवालाल पटेल, स्थानीय सचिन्द्र जयसवाल, रंजय पंडित रहेका छन् भने बाँकी अन्य व्यक्तिहरुलाई सामान्य चोटपटक मात्रै लागेको छ । देवाहीगोनाही नगरपालिकाकी उपमेयर परनिया देवी पटेल अहिले जसपालाई हराउँदै निर्वाचित भएकी हुन् । उक्त समूहले निर्वाचनको बेला पनि त्यहाँका मानिसलाई हतियार देखाएर तर्साएको स्थानीयहरु बताउँछन् । प्रहरीले निर्वाचनको बेला उक्त समूहबाट एक ट्याक्टर धारिलो हतियार सहितको सामग्रीहरु बरामद गरेको थियो ।

पटक पटक आफूहरु असुरक्षित भएको खबर सुरक्षा निकायलाई जानकारी गराउँदा पनि सुरक्षा निकाय संवेदनशील नबनेको आरोप स्थानीयहरुको रहेको छ ।

नगरपालिकामा घटना भइसकेपछि अहिले प्रहरी परिचालन गरिएको छ भने गाउँमा त्रासको वातावरण बनेको छ । यस विषयमा पूर्वमेयरसँग सम्पर्क गर्न खोज्दा सम्पर्क हुन सकेन ।

# अवैध काठसहित दुई जना पक्राउ

**बिकाश काफ्ले/मध्यान्ह**
पाल्पा, ११ जेठ

पाल्पामा अवैध काठसहित दुई जना पक्राउ गरेका छन् । जिल्लाको तानसेन-१३, केरादीदेखि बुटवलका लागि छुटेको लु.१.ज. नम्बरको जीपमा राखिएको सालको काठसहित दुई जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाले जानकारी दिए ।

उनका अनुसार बुधबार विहान तानसेनको बसपार्कमा प्रहरी चेकजाँचका क्रममा जीपमा राखिएको २४ थान सालको काठ प्रहरीले बरामद गरेको हो । काठसहित पक्राउ परेका उनीहरुलाई डिभिजन वन कार्यालयमा बुझाइएको प्रहरीले जनाएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७४/०६/०६ मा दर्ता भएको **प्रा.लि. नं. १७५८२४** को **जगत एण्ड होम इन्टरनेशनल मल्टिप्रपोज प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालनको लागी यस विभागबाट इजाजत पत्र प्राप्त संस्था **श्री रिगल ओभरसिज मेनपावर एजेन्सी प्रा.लि. (ई.प.नं. १८८)** ले यस विभाग समक्ष इजाजत पत्र खारेज गरी धरौटी रकम फिर्ता तथा बैंक ग्यारेन्टी फुकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस)** दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति **२०७९/०२/०६** को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम अनुमतीपत्र खारेज गरी धरौटी रकम फिर्ता तथा बैंक ग्यारेन्टी फुकुवा भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

## कुवेतमा रोजगार | कम्पनी: AL-IRTABAT DELIVERY COMPANY
शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७९/०२/११ चलानी नं.: ६०१७९७४० L.T. No.: 263615

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 8 | 0 | स. काममा दक्ष | 150 | ६०,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ १९ गते (2 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**CHANDANI MANAGEMENT SERVICES PVT.LTD.**
श्रम इजाजत नं. ८३४/०६६/०६७
Basundhara-3, Kathmandu, Nepal, Phone No: 01-4955422, 4960522
Email: chandanimanpower@gmail.com/website: cmsmanpower.com

## मलेसियामा रोजगार | कम्पनी : UPI PLASTIC INDUSTRIES SDN BHD
शहर: PENANG

पूर्व स्वीकृत मिति: २०७९/०२/११ चलानी नं.: ६०१७९७३८ LT. No.: 263626

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Worker | 7 | 0 | स. काममा दक्ष | 1500 | ४२,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ १९ गते (2 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Damaru Resources Pvt. Ltd.**
Gov. Lic. No. 508/061/062
Gairigaon, Tinkune (Between Annapurnapost and Bajaj Showroom), Kathmandu
Ph: 4112433, 4112438
E-mail: damarure@yahoo.com, damaruresources508@gmail.com, Web: www.damaruhr.com

## मलेसियामा रोजगारको अवसर | कम्पनी: NINAMAJU SDH. BHD.
शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७९/०२/११ चलानी नं.: ६०१७९७७२ L.T. No.: 263620

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 13 | 0 | स. काममा दक्ष | 1500 | ४२,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ १९ गते (2 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| रोजगार दाताले दिने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगार दाताले दिने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Dynamic Sales & Services (P) Ltd.**
श्रम इजाजत नं. १०९/०५४/०५५
Post Box No. 2012, Tokha 7 Basundhara Chauki, Kathmandu, Nepal
Phone: 00977-1- 4354614,4356831, 4356625
E-mail: info@dssnepal.com, Website: www. dssnepal.com

## साउदीमा रोजगार | कम्पनी : Aziza Raja Bin Hamidi Al Mutairi Restaurant For Serving Meals
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७९/०२/११ चलानी नं.: ६०१७९७५५ LT. No.: 263649

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३३,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १९ गते (2 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ईमास्को नेपाल प्रा. लि.**
श्रम इजाजत नं. ११७/०५५/०५६
गोंगबुं, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३६२७०८, ४३५०३८१ ९८०६६५४५७१
फ्याक्स नं.: ४३५७७०८, Mob.: 9818191788, 9808505819

## साउदीमा बैदेशिक रोजगारको अवसर
कम्पनी :Jawa Human Resources Co. शहर:Saudi Arabia, Al-Khobar पुन विज्ञापन
पूर्व स्वीकृती मिति : २०७८/११/०५ चलानी नं.६०१७४६६७ LT No. 258224

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Common Worker | 63 | काममा दक्ष | 1000 | ३२,२०० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | कम्पनीले | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैले | रु ७००/- कामदार आफैले | रु १५००/- कामदार आफैले | नि:शुल्क | नि:शुल्क |

अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौँमा २०७९ जेठ १९ गते (2 June, 2022) मा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Empire International Pvt. Ltd.** Lic. No. 695/063/064
Shantinagar, Kathmandu, Nepal
Phone No.: 01- 4621348,4620715
E-mail: jobs@empirenpl.com.np

## मलेसियामा रोजगारको अवसर | कम्पनी : FULL FORCE SECURITY SERVICES SB
शहर : Jalan

पूर्व स्वीकृत मिति: २०७९/०२/११ चलानी नं.: ६०१७९७२० LT. No.:263313

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security (Men) | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ १९ गते (2 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.**
श्रम ईजाजत पत्र नं. १०२५/०६८/६९
पा.ब. नं. ११९७२, गोंगबु-५, सामाखुसी, काठमाडौं, फोन: ४३५७०४७, ४३६१४९०
Mob.:9804931201, 9815186563, Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np

## साउदीमा रोजगार | कम्पनी : ESTABLISHMENT AL-ZAWIYAH AL-ZARQA FOR MEALS
शहर: Dammam

पुर्व स्वीकृत मिति: २०७८/११/१८ चलानी नं.: ६०१७५२८६ LT. No.:258630 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ १९ गते (2 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**A.S. International Group Pvt. ltd.**
Gov. lic. No. 1155/073/74
Samakhusi-26, Kathmandu, Nepal, Tel: 01-4020181/4020182
Email- asintldemand@gmail.com

## UAE मा रोजगार | कम्पनी: SILT CAFE - SOLE PROPRIETORSHIP L.L.C.
शहर:UAE

पूर्व स्वीकृत मिति: २०७९/०२/११ चलानी नं.: ६०१७९७२८ LT. No.: 263602

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Commercial Sales Representative | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५०,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | sales Supervisor | 1 | 0 | | 1500 | ५०,५८० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १९ देखि २१ गते सम्म (2 to June2022) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Sky Of The World Manpower Pvt. Ltd.**
श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 4488231
Mob.: 9860049528, 9851068774, 9808840910
E-mail : devudahal@gmail.com, info@skymanpower.com, Web.www.skymanpower.com

## साउदीमा रोजगार | कम्पनी: OSHAQ ALTAM ALTAYB RESTAURANT
शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७९/०२/११ चलानी नं.: ६०१७९७७१ L.T. No.: 263621

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 1 | 0 | स. काममा दक्ष | 1600 | ५२,८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १९ गते (2 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अन्जुलिमा इन्टरनेशनल प्रा. लि.**
ANJULIMA INT'L People. Factor. Perspective
श्रम इजाजत नं. ७७४/०६५/०६६
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोन: ४४७३१००, ४४७३३००
फ्याक्स: ४४७२६००, मो: ९८१३५४८४७२, ९८४९८१५४१५, पोखरा : ९८४६०२६२९१, ९८४९८३१०३३
Email: info@anjulimaintl.com | Web: www.anjulimaintl.com

निर्माता पनेरुले आफूले व्यवसायिक उद्देश्य नबोकी फिल्म निर्माण गर्न लागेको बताए। उनले भने, 'फरक-फरक शैलीका लोकगीतमार्फत् फिल्ममा कथा भनिनेछ। यसलाई आधुनिक मुना मदन पनि भन्न सकिन्छ। तर, यो सुखान्त मुना मदन हुनेछ। यो फिल्मले समाजलाई सकारात्मक सन्देश दिनेमा विश्वस्त छु।' भिन्न जातीका दुई केटा-केटीको प्रेमकथामा फिल्म आधारित हुने उनले जानकारी दिए।

यसअघि दुई फिल्मको निर्देशक गरिसकेका देवेन्द्र पाण्डेले आफूले यसअघि गरेका फिलमभन्दा 'मानिस ठूलो दिलले हुन्छ' भिन्न रहने दावी गरे। सामाजिक विषयवस्तुमा आधारित भएर फिल्म बन्ने उनको भनाई छ। गीतको माध्यमबाट समाजलाई सन्देश दिने उद्देश्यले फिल्म बनाउन लागको उनी बताउँछन्।

---

**शुक्लाफाँटा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**झलारी, कन्चनपुर**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

**(सुचना प्रकाशित मिति २०७९।०२।१२)**

यस कार्यालयबाट स्यानेटरि प्याड भेन्डिङ मेसिन र इन्सिनरेटर मेसिन खरिद कार्य को लागि बिधुतिय खरिद प्रणालिको (इ बिडिङ) माध्यम बाट मिति २०७९।०१।१२ गतेका दिन बोलपत्र आवहान भए अनुसार उक्त ठेकाको लागि पेश हुन आएका बोलपत्रहरुमध्ये निम्न बोलपत्रदाताको बोलपत्र यस कार्यालयको बोलपत्र मुल्यांकन समितिले परीक्षण एवं मुल्यांकन गरी सिफारिस गरे अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ को उप-दफा (८) अनुसार न्युनतम मुल्यांकीत सारभुत रुपमा प्रभावग्राही रही स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धीत बोलपत्र दाताहरुको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

| सि.नं | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र पि एस बाहेक) |
|---|---|---|---|---|
| १ | SMP/078/079/ NCB/GO/27 | स्यानेटरि प्याड भेन्डिङ मेसिन र इन्सिनरेटर मेसिन खरिद कार्य | श्री द ग्लोबल सर्जिकल हाउस, धनगढि, कैलालि | १८,५५,०००।०० |

**कार्यालय प्रमुख**

---

**Gramthan Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Tetariya, Morang**
**Province No. 1, Nepal**

**Invites Electronic Bids (E-Bid Only)**

**Date of Publication : 2079-02-12**

*Gramthan Rural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang* invites electronic bids(e-bid only) from Nepalese eligible bidders for the Purchase of ***different Goods as stated in table below***. The estimated amount for the Goods is given below in table.

| S.N. | Contract ID/ IFB No. | Description | Estimated Amount (without VAT) | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Gramthan Rural/ sq/ Goods/ 24-078/079 | Maag ma Aadharit krishi yantrikaran (chaap katar,combine mill ra sa-sana dana banaune machine) bitaran sajhedari karyakram 50 pratisat anudaan | 1995400 | 1000.00 | 59000.00 | Gramthan Office |

For more details visit to website: https://gramthanmun.gov.np/

---

**चौरपाटी गाँउपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सुदुरपश्चिम प्रदेश, नेपाल**
चौरपाटी, अछाम

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सुचना प्रकाशित मिति २०७९।०२।१२**

यस कार्यालयबाट मिति २०७९।१।०६ गते र २०७९।०१।११ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली (e-GP) bolpatra.gov.np/egp मा प्रकाशित वोलपत्र आह्वानको सुचना अनुसार (E-GP) bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका तपशिल वामोजिमका वोलपत्रहरुका लागि तपसिल वमोजिमका वोलपत्रदाताहरुले पेश गरेको वोलपत्र निम्नतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७)को उपदफा (२) प्रयोजनार्थ वोलपत्रदाताहरु तथा सम्बन्धित सवैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का नं. | कामको विवरण | वोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (भ्याट वाहेक) रु | कैफियत |
|---|---|---|---|---|
| CRM/ACHHAM/NCB/ G/M/14/2078/79 | औषधी खरिद तथा ढुवानी कार्य | श्री ड्रग ईन्टरनेशनल फार्मेसी काठमाण्डौ। | ८,०१,४१५।०० | |
| CRM/ACHHAM/NCB/ W/G/15/2078/79 | खेलमैदान निर्माण योजना चौरपाटी ०१ अछाम | श्री उपकार निर्माण सेवा साँफेवगर अछाम। | ५,८६,७१७।०१ | |

**प्रमुख प्रशासकिय अधिकृत**

---

**Invitation For Bids**

Government of Nepal(GoN)
**Sundarbazar Municipality**
**Contract Identification No: SUPPLY/SM/SQ/EM/05/78/79**
**Date of publication: 26 May, 2022**

| SN | Contract Identification No. | Description of Works | Estimated Amount NRs (With VAT) | Bid Security Amount NRs | Bid Document Cost NRs |
|---|---|---|---|---|---|
| 1 | SUPPLY/SM/SQ/ EM/05/78/79 | Procurement,Supply and Delivery of Essential Medicine | 15,60,000/- | 40,000/- | 1000/- |

For Details Please visit PPMO's Web Site www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

---

**PRiME COMMERCIAL BANK LTD.**
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय बागबजार, काठमाण्डौ, फोन: ०१ ४२५२२६०/२९

को

**शाखा कार्यालय बागबजार, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०७९/०२/१२ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको तपसिलका शाखा कार्यालय बागबजार, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सौंवा, सौंवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको सौंवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।


**तपसिल**

**ऋणीको विवरण**

नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता न. ३११८२/०६१/०६२ अन्तर्गत मिति २०६१/०८/२६ र आन्तरिक राजश्व विभागमा पान नं. ३०२४८३५६३ अन्तर्गत मिति २०६३/१०/१५ मा दर्ता रहेको **श्री दिप ज्योति ओभरसिज प्रा.लि.**
**अध्यक्ष – डिल्लीराम खतिवडा**

**व्यक्तिगत जमानतकर्ताहरु**

नाम : डिल्लीराम खतिवडा
बाबु : इन्द्रलाल खतिवडा
बाजे : गंगाराम खतिवडा
ठेगाना : लेटाङ-८, मोरङ
ना.प्र.प.नं. : ८६४३, मोरङ




नाम : भुवन खतिवडा
बाबु : डिल्लीराम खतिवडा
बाजे : इन्द्रलाल खतिवडा
ठेगाना : लेटाङ-८, मोरङ
हाल : का.म.न.पा-७, काठमाडौं
ना.प्र.प.नं. : २७-०१-७३-०२०७९, काठमाडौं



नाम : कविता खतिवडा
पति : डिल्लीराम खतिवडा
ससुरा : इन्द्रलाल खतिवडा
ठेगाना : लेटाङ-८, मोरङ
ना.प्र.प.नं. : ८५४५, मोरङ



नाम : दिपक प्रसाद अधिकारी
बाबु : बुदि प्रसाद अधिकारी
बाजे : केसरी नाथ अधिकारी
ठेगाना : किरान्चोक गा.बि.स. वडा नं ७, धादिङ
ना.प्र.प.नं. : २४२०९, धादिङ



नाम : सम्भना बस्नेत
बाबु : यामुना बहादुर बस्नेत
बाजे : जित बहादुर बस्नेत
ठेगाना : सपही गा.बि.स. वडा न ४, बारा
ना.प्र.प.नं. : ३३१०२२/२६९३०, बारा



**धितोमा रहेको सम्पतिको विवरण**

**डिल्ली राम खतिवडाको** नाममा मालपोत कार्यालय चावहिल, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं ७ स्थित कित्ता नं. ५० को क्षेत्रफल ०-३-३-१ रोपनी घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम २०७९/०२/१२ गते बिहीवारदेखि केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी तथा शाखा कार्यालय बागबजार, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ।
२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरूप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको धरौटी खाता मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ।
३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ।
४. शिलबन्दी बोलपत्र मिति २०७९/०२/२६ गते बिहीवार कार्यालय समय भित्र केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौमा दर्ता भईसक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरू उपर कारवाही गरिने छैन।
५. शिलबन्दी बोलपत्र मिति २०७९/०२/२७ गते शुक्रवार दिउँसो ४:०० बजे केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ। सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ।
७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौबाट भुक्तानी गरिनेछ। साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन।
८. सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा घुट्ठाघुट्ठ बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरू लागू हुनेछन्।
९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय बागबजार, काठमाण्डौमा सम्पर्क राखी बुझ्न सकिनेछ।

---

**फ्रि भिषा ! फ्रि टिकट ! सहित मलेशियामा रोजगार**

१. कम्पनी : **JARING METAL INDUSTRIES SDN. BHD.** शहर: **Malaysia**
पुर्व स्वीकृत मिति: २०७९/०२/१० चलानी नं.: ६०१७९७१३ **L.T. No.: 263351**

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Operator | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : **TODAY BAKERIES PRODUCTS (KLANG) SDN.BHD** शहर: **Malaysia**
पुर्व स्वीकृत मिति: २०७६/०९/२७ चलानी नं.: ६०१४९९५८ **L.T. No.: 230807** पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Operator | 3 | 0 | स. काममा दक्ष | 1100 | ३०,९८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी : **STR FAMILY RESTAURANT** शहर: **SELANGOR**
पुर्व स्वीकृत मिति: २०७६/१०/१३ चलानी नं.: ६०१५०६०१ **L.T. No.: 231542** पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 2 | 0 | स. काममा दक्ष | 1200 | ३३,८०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेष्ठ १९ गते (2 June 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बद्धनगरमा सम्पर्क गर्नुहोला।

**Reaz And Farah Employment Services Pvt. Ltd.**
G.P.O. Box No.: 8925, Basundhara-8, Kathmandu, Tel 01-5903860, 5903387
Web: www.reazfarah.com | E-mail : reazandfarah@gmail.com
Gov. Lic. No. 1008/068/069

# नेपाल टी-२० लिग खेल्ने ६ टिम तय, बढ्यो खेलाडीको तलब



**काठमाडौं/मस-** नेपाल क्रिकेट संघ (क्यान)ले पहिलो पटक आयोजना गर्न लागेको नेपाल टी-२० लिगको टिमको नाम सार्वजनिक गरेको छ । क्यानको बसेको बोर्ड बैठकले प्रतियोगिता खेल्ने ६ टिमको नाम टुंगोसहित सार्वजनिक गरेको हो ।

प्रतियोगिता ८ असोजबाट ५ कात्तिकसम्म हुने यस अघि नै क्यानले निर्णय गरेको थियो । लिगमा बिराटनगर, जनकपुर, काठमाडौं, पोखरा, लुम्बिनी भैरहवा र फार वेस्टर्न नाम घोषणा गरेको छ ।

यसअन्तर्गत रहेर क्यानले टिम नाम बेच्ने छ र मालिकसमेत सार्वजनिक गर्नेछ । यसपछि भने खेलाडी अक्सन हुनेछ । यसअघि नै क्यानका कार्यबाहक सचिव प्रशान्तविक्रम खेलाडीको अक्सन न्यूनतम ५ लाखबाट अधिकतम १५ लाखसम्म हुने बताएका छन् ।

प्रतियोगिता आयोजनाको लागि क्यानले कमर्सियल पार्टनरमा सेभेन थ्री स्पोर्टस्सँग सम्झौता गरेको थियो । क्यानले यस प्रतियोगिता आयोजना गर्ने भएसँगै यसअघि सञ्चालनमा आएका तीन फ्रेन्चाइज प्रिमियर लिगले राष्ट्रिय मान्यता नपाउने भएका छन् । नेपालमा संचालनमा आएका एभरेष्ट प्रिमियर लिग (ईपीएल), धनगढी प्रिमियर लिग (डीपीएल) र पोखरा प्रिमियर लिग (पीपीएल) ले अब क्षेत्रीय लिगको संरचनामा गएमात्रै मान्यता पाउनेछन् ।

यसैबीच क्यानले राष्ट्रिय क्रिकेट टिमका खेलाडीको मासिक पारिश्रमिक बढाउने निर्णय गरेको छ । क्यानको बोर्ड बैठकले 'सेन्ट्रल कन्ट्र्याक्ट'मा रहेका पुरुष खेलाडीको पारिश्रमिकमा १० हजार वृद्धि गर्ने जनाएको छ ।

क्यानको यो निर्णयसँगै 'सेन्ट्रल कन्ट्र्याक्ट'मा रहेका 'ए' ग्रेडका खेलाडीहरुको पारिश्रमिक ६० हजार, 'बी' ग्रेडमा रहेका खेलाडीको ५० हजार र 'सी' ग्रेडका खेलाडीहरुको ४० हजार रुपैयाँ पुगेको छ ।

यसअघि 'ए' ग्रेडका खेलाडीको ५० हजार, 'बी' ग्रेडका खेलाडीको ४० हजार र 'सी' ग्रेडका खेलाडीको ३० हजार रुपैयाँ पारिश्रमिक थियो ।

यस्तै, क्यानले महिला खेलाडीको पारिश्रमिक पनि वृद्धि गर्ने निर्णय गरेको छ । क्यानले महिला राष्ट्रिय क्रिकेट टिमको ग्रेड 'सी' मा रहेका खेलाडीको पाँच हजार र 'बी' र 'ए' ग्रेडका खेलाडीको पारिश्रमिक समान ६ हजार रुपैयाँले बढाएको छ ।

यसअघि ग्रेड 'ए' मा रहेका महिला खेलाडीको पारिश्रमिक १५ हजार, 'बी' ग्रेडका खेलाडीको पारिश्रमिक १२ हजार र 'सी' ग्रेडका खेलाडीहरुको पारिश्रमिक १० हजार रुपैयाँ थियो ।

# शुक्रलाई एक स्ट्रोकको अग्रता




**काठमाडौं/मस-** सूर्य नेपाल गल्फ टुर २०२१-२२ को आठौं र सिजन समाप्त हुने सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिपको तेस्रो राउण्डपछि शुक्रबहादुर राईले निरज तामाङमाथि एक-स्ट्रोकको अग्रता लिएका छन् । सुकले १६ अन्डर २०० को कुल स्कोरका लागि ६ अन्डर ६६ रन बनाए । ओभरनाइट लिडर निरजले १५ अन्डर २०१ को कुल स्कोरका लागि तीन अन्डर ६९ बनाए ।

एमेच्योर वाइचेन धोन्डुपले १२ अन्डर २०४ को कुल स्कोरमा दुई अन्डर ७० रन बनाएर समग्रमा तेस्रो स्थानमा रहे। भुवन नगरकोटीले १० अन्डर २०६ को कुल स्कोरका लागि दुई अन्डर ७० को कार्ड बनाए र चौथो स्थानमा रहे। एमेच्योर महेन्द्र फगामीले राउण्ड अफ फोरअण्डर ६८ खेलेर ७-अण्डर २०९ को कुल स्कोरका लागि छैटौं स्थानमा रहेका प्रो पूर्ण शर्मासँग बुधबार एक अन्डर ७१ अंक बनाएका थिए । एमेच्योर आरभ डी शाह एक अन्डर ७१ को कार्डमा जम्मा ५ अन्डर २११ को कार्डमा परिणत भए र सम पार ७२ खेल्ने भुवनकुमार रोक्कासँग सातौं स्थानमा रहे । सूर्यप्रसाद शर्मा (६७) र रवि खड्का (७०) चार अन्डर २१२ मा नवौं स्थानमा बाँधिएका छन् । एमेच्योर सद्भाव आचार्यले श्री अन्डर २१३ मा कुल ६ ओभर ७८ रन बनाएर ११औं स्थानमा छन् । अर्का एमेच्योर सुवास तामाङले दुई अन्डर २१४ को कुल स्कोरमा वन अन्डर ७१ रन बनाएर १२औं स्थानमा रहे । धनबहादुर थापा १३औं स्थानमा छन्, उनले कुल एक अन्डर २१५ मा तीन ओभर ७५ राउण्ड खेलेका छन् । राजेन्द्र थापा मगरले दुई अन्डर ७० को राउण्ड खेलेर कुल सम-पार २१६ बनाएका छन् ।

सुकले फ्रन्ट नाइनमा फोर अन्डर ३२ को लागि पहिलो, तेस्रो, पाँचौं र छैटौं होलमा बर्डी बनाए। ब्याक नाइनमा, उनले ११ औंमा बोगी बनाए तर १२ औं, १६ र १८ औं होलमा दुई अन्डर ३४ को लागि बर्डीजका साथ बलियो बनाए ।

नीरजले तेस्रो र नवौं होलमा बर्डी सहित फ्रन्ट नाइनमा दुई अन्डर ३४ रन बनाए । पछाडिको नौमा, उनले १३औं र १७औं होलमा १४औंमा ड्रप शटका साथ वन अन्डर ३५ मा बर्डी बनाए ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**कोभिड-१९ युनिफाइड केन्द्रीय अस्पताल**
**वीर अस्पताल**

**प्रोप्राइटरी सामान खरिद सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति २०७९/२/१२

यस अस्पतालको न्युरो सर्जरी विभागमा रहेको Medronic Navigation Compatible Drill System को लागि आवश्यक पर्ने सामाग्रीहरु खरिद गर्न उक्त कम्पनीको नेपाल स्थित आधिकारिक विक्रेता श्री Himalayan Medical Technologies Pvt. Ltd., Kathmandu सँग सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ४१ को उपदफा १ (घ) तथा उपदफा ३ बमोजिम खरिद गर्नुपर्ने भएकोले सोसँग सम्बन्धित अन्य आपूर्तिकर्ता भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस अस्पतालको खरिद इकाईमा कागजात सहित सम्पर्क राख्न हुन जानकारी गराइन्छ ।

**प्रमुख प्रशासकीय अधिकारी**

# नेपाली फुटबल टिम कतारमा



काठमाडौं/मस- एशियन कप छनोटका लागि नेपाली फुटबल टिम कतार गएको छ । कतारको दोहामा नेपाली फुटबल टिमले दुई वटा मैत्रीपूर्ण खेल खेल्नेछ । नेपाली फुटबल टिम एक साता भन्दा बढी दोहामा प्रशिक्षण गर्नेछ । जसमा नेपालले टिमोर लेस्टी र ओमानसँग दुई वटा मैत्रीपुर्ण खेल खेल्नेछ । ३० जनाको टिममा पहिलो समूहमा १७ जना दोहा जानेछन् भने दोस्रो समूहमा १३ जना रहेका छन् । नेपालले पहिलो खेल मे २८ अर्थात शनिवार टिमोर लिष्टेसँग खेल्ने छ भने जुन तीन तारिखमा ओमानसँग खेल्नेछ ।

नेपाल र टिमोर लिच्टेको खेल कतारको समय अनुसार साँझ सात बजे ग्रान्ड हामद स्टेडियममा हुनेछ भने ओमानसँगको खेल सुहिम बीन हामद स्टेडियममा हुनेछ । यो खेलपनि साँझ नौ बजेबाट नै शुरु हुनेछ ।

घरेलु मैदानमा करिब डेढ महिनाको प्रशिक्षणपछि नेपाली टिम थप प्रशिक्षणका लागि कतार जान लागेको हो । यो बीचमा खेलाडी र प्रशिक्षकको विवादका कारण अहिले टिममा युवा खेलाडी राखिएको छ ।

नेपालले एशियन कप छनोट खेल्न जान अगाडी दोहामा मैत्रीपुर्ण खेल खेल्ने योजना बनाएपनि अफै फाइनल नभएको बताएको थियो । तर कतार फुटबलले सात वटा एसियन देशलाई घरेलु भूमीमा प्रशिक्षकणका लागि बोलाएको हो ।

एसियन कप छनोटको समुह ए मा रहेको नेपालले कुवेत, जोर्डन, इन्डोनेसिया जस्ता टिमसँग खेल्नेछ । जुन आठ देखि १४ सम्म हुने प्रतियोगितामा नेपालले पहिलो खेल जोर्डनसँग जुन ८ मा खेल्नेछ भने दोस्रो खेल जुन ११ मा कुवेतसँग प्रतिस्पर्धा गर्नेछ । यस्तै जुन १४ मा इन्डोनेसियासँग खेल्नेछ । तेस्रो चरणको छनोटका शिर्ष टिम र पाँच समुहमा रहेका उत्कृष्ट दोस्रो हुने टिमले अन्तिम चरणमा स्थान बनाउनेछ ।

**राजु श्री इन्टरप्राइजेज प्रा.लि.**
**कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरको सुचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०७५/१०/२९ मा दर्ता भएको प्रा.लि. नं. २०८६६०/०७५/०७६ को **राजु श्री इन्टरप्राइजेज प्रा.लि.** को संचालकहरुको मिति २०७९/०२/१० मा बसेको बिशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसंग कोही कसैको कुनै बाँकी वक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदाबी गर्न निम्न लिखित लिक्वडेटरको संग सम्पर्क राख्न हुन सुचित गरिन्छ ।

**सरोज दाहाल**
**दामासाही ब्यवसायी**
**इजाजत नं. ३५३**
**प्रतीक ल फर्म**
**भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. ९, वोडे**
**मोबाइल नं. : ९८५१२११००२**

**बुढानिलकण्ठ अटोमोवाइल्स प्रा.लि.**
**कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०७५/०३/२७ मा दर्ता भएको प्रा.लि. नं. १९३१००/०७४/०७५ को **बुढानिलकण्ठ अटोमोवाइल्स प्रा.लि.** को संचालकहरुको मिति २०७९/०२/१० मा बसेको बिशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसंग कोही कसैको कुनै बाँकी वक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदाबी गर्न निम्न लिखित लिक्वडेटरको संग सम्पर्क राख्न हुन सुचित गरिन्छ ।

**सरोज दाहाल**
**दामासाही ब्यवसायी**
**इजाजत नं. ३५३**
**प्रतीक ल फर्म**
**भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. ९, वोडे**
**मोबाइल नं. : ९८५१२११००२**

**किरण ट्राभल्स प्रा.लि.**
**कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०७१/१२/०२ मा दर्ता भएको प्रा.लि. नं. १३३४५५/०७१/०७२ को **किरण ट्राभल्स प्रा.लि.** को संचालकहरुको मिति २०७९/०२/१० मा बसेको बिशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसंग कोही कसैको कुनै बाँकी वक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदाबी गर्न निम्न लिखित लिक्वडेटरको संग सम्पर्क राख्न हुन सुचित गरिन्छ ।

**सरोज दाहाल**
**दामासाही ब्यवसायी**
**इजाजत नं. ३५३**
**प्रतीक ल फर्म**
**भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. ९, वोडे**
**मोबाइल नं. : ९८५१२११००२**

**मलेसियामा रोजगार | कम्पनी : EXCEPTIONAL MOULD MANUFACTURING SDN. BHD.**
शहर: PENANG

पूर्व स्वीकृत मितिः२०७९/०२/११ चलानी नं.: ६०१७९७५९ LT. No.: 263630

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 6 | 0 | स. काममा दक्ष | 1500 | ४२,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १९ गते (2 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**KANKAI RECRUITMENT SUPPLIERS PVT. LTD.**
Gov. Lic No. 946/067/068
Basundhara, Kathmandu, Nepal. Mobile : 9803697030
Tel: 01-4954490, Email: kankairecruitment4@gmail.com

**Cyprus मा रोजगारको अवसर** पून:विज्ञापन

१.कम्पनी:-Orthodoxou Employment Bureau Ltd, Larnaca, Cyprus

पूर्व स्वीकृती मिति २०७८।११।१२ चलानी नं. ६०१७५०२२ LT.No. 258598

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Workers | - | 11 | [illegible] | 314 | ४१,६०५।- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीसा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. [illegible] | कामदार स्वयं रु. [illegible] | रु. [illegible] |

**अन्तर्वार्ता २०७९ जेठ १९ गते (2 June, 2022) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ ।**

[illegible]

**APPS SERVICES PVT. LTD.**
श्रम इजाजत नं. ११७२/०७३/७४
बालकुमारी-८, ललितपुर. फोन नं. ५१८६०१८ फ्याक्स:- ५१८६०३०.
Email: infoapps1172@gmail.com

**कर्मचारी आवश्यकता**

यसै मेनपावर कम्पनीको लागि Documentation- 2 (F), Receptionist- 2 (F) आवश्यकता भएकोले इच्छुक महिलाहरुले आफ्नो बायोडाटा माथी उल्लेखित इमेल ठेगानामा पठाउनु होला । तलब सुविधा आपसि समझदारीमा तय गरिने छ ।

**कर्णाली प्रदेश सरकार**
**उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय**
**प्रदेश वन निर्देशनालय**
**डिभिजन वन कार्यालय**
**गमगढी, मुगु**

**बैंक जमानत पत्रको म्यादथप तथा Bid Validity Period बढाउने सम्बन्धि सार्वजनिक सूचना**

**प्रकाशित मिति २०७९/०२/१२**

यस कार्यालयबाट मिति:२०७८/०९/१५ गते ठेक्का नं DFO/MUGU/W/NCB/01-2078/079 Rara Paryatakiya Purwadhar Nirman कार्यको बोलपत्र प्रकाशित भएको, हाल उक्त ठेक्काको प्राविधिक मुल्यांकनको चरणमा रहेको र उक्त ठेक्काहरुको मुल्यांकन समाप्त हुन केहि थप समय लाग्ने भएकाले पेश गरेको बिड बण्डको अवधि सूचना प्रकाशित भएको मितिले ५० दिन थप गरी Bid Validity Period बढाउने पत्रको साथ सूचना प्रकाशित भएको मितिले (३ दिन) भित्र यस कार्यालयमा वा Email: dfomugu75@gmail.com मा पेश गर्नहुन जानकारी गराइन्छ । तोकिएको समयमा म्यादथप भई नआएमा कानुन बमोजिम भईजाने व्यहोरा समेत जानकारी गराइन्छ ।

**डिभिजनल वन अधिकृत**

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**योजना तथा अनुगमन महाशाखा**
**योजना अनुगमन तथा मूल्याङ्कन शाखा**
चाकुपाट, ललितपुर

**लुम्बिनी- रारा- मुगु (लुम्बिनी, दाङ, सल्यान, चौरजहारी, जाजरकोट, जुम्ला, पंका, रारा, मुगु) को रुकुम-जाजरकोट सडक खण्ड (५२.८ कि.मि., जाजरकोट) आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशन मिति: २०७९/२/११)**

कर्णाली प्रदेश, जाजरकोट जिल्लाको कुसे गाउँपालिकामा योजना अनुगमन तथा मूल्याङ्कन शाखा, योजना तथा अनुगमन महाशाखा, सडक विभागद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | योजना अनुगमन तथा मूल्याङ्कन शाखा, योजना तथा अनुगमन महाशाखा, सडक विभाग<br>ठेगाना: चाकुपाट, ललितपुर, नेपाल<br>फोन नं: ०१-५००५५२२ ई-मेल: pmeu@dor.gov.np वेबसाइट: dor.gov.np |
| प्रस्तावको व्यहोरा | लुम्बिनी- रारा- मुगु (लुम्बिनी, दाङ, सल्यान, चौरजहारी, जाजरकोट, जुम्ला, पंका, रारा, मुगु को रुकुम-जाजरकोट सडक खण्ड (५२.८ कि.मि., जाजरकोट) आयोजना (कालोपत्रे) (चेनेज ०+०००-२८+८०४ कि.मि.) को स्तरोन्नति तथा (चेनेज २८+८०४-५२+८०१ कि.मि.) को नयाँ सडक निर्माण<br>सुरु बिन्दु: पाँचकाटीया, कुसे गा.पा.-०५ अन्तिम बिन्दु: बेहुलीढुङ्गा, कुसे गा.पा.-०८<br>क्षेत्राधिकार (राईट अफ वे):३० मि.(१५/१५ मि.दुवैतिर) फर्मेसन चौडाई: नाली बाहेक ८.५ मि.<br>क्यारिजवे चौडाई: ७ मि. शोल्जर: ०.७५ मि.(दुवैतिर) |
| प्रभाव पर्न सक्ने जिल्ला, स्थानीय तह र वडा | जाजरकोट जिल्ला, कुसे गा.पा. वडा नं ५, ७ र ८ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के-कस्तो असर पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।
**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| प्रस्तावकको नाम र ठेगाना | सम्बन्धित मन्त्रालयको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|---|
| योजना अनुगमन तथा मूल्याङ्कन शाखा,<br>योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा,<br>सडक विभाग<br>ठेगाना: चाकुपाट, ललितपुर<br>टेलिफोन: ०१-५००५५२२<br>ई-मेल: pmeu@dor.gov.np<br>वेबसाइट: dor.gov.np | नेपाल सरकार<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>सिंहदरबार, काठमाडौं<br>फोन नं: ०१-४२११७३२/४२११९३१<br>ई-मेल: info@mopit.gov.np<br>वेबसाइट: mopit.gov.np | Paragon–GNDA–Planet test JV<br>बानेश्वर, काठमाडौं<br>फोन नं: ०१-५४३०६००<br>ई-मेल: ourparagon2009@gmail.com |

# बैंकहरूको खराब कर्जा सवा १४ खर्ब नाघ्यो

## सरकारी बैंकको सबैभन्दा बढी

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ११ जेठ ।

वाणिज्य बैंकहरूको खराब कर्जा सवा १४ खर्ब रूपैयाँ पुगेको छ । बैशाखसम्मको तथ्यांक अनुसार २७ वटा वाणिज्य बैंकहरूको खराब कर्जा १४ खर्ब २५ अर्ब ८ करोड रूपैयाँ देखिएको हो । वाणिज्य बैंकहरूको कुल कर्जा लगानी मध्ये ३४ प्रतिशत कर्जा खराब देखिएको छ । खराब कर्जालाई नन पर्फमिङ लोन (एनपीएल) भनिन्छ । बैंक वित्तीय संस्थाले निश्चित समयका लागि ऋणीलाई दिइएको कर्जा समयमा उसुल गर्न सकेन भने त्यस्तो कर्जालाई खराब कर्जा भनिन्छ । बैंक तथा वित्तीय संस्थाले निश्चित समयमा भुक्तानी गर्ने सर्तमा ऋण उपलब्ध गराउँछन् । केही ऋणीले निर्धारित समयमा ऋण चुक्ता नगर्न पनि सक्छन् । कर्जा विस्तार गरेको मितिले ९० दिनपछि सम्म पनि बैंकले आफूले दिएको ऋण उठाउन



नसकेमा उक्त ऋणलाई खराब कर्जामा गणना गरिन्छ । सम्भव भएसम्म यस्तो कर्जा ऋण लिँदा राखिएको धितो लिलाम गरेर उठाइन्छ । खराब कर्जा ५ प्रतिशत भन्दा बढी भएको बैंक तथा वितिय संस्थाले मुनाफा आर्जन गरेपनि लाभांश वितरण गर्न सक्दैन । यसले ऋणको गुणस्तरीयतासँगै व्यवस्थापनको अवस्था पनि देखाउँछ ।

अहिले वाणिज्य बैंकहरूको कुल ४१ खर्ब ९१ अर्ब ४२ करोड रूपैयाँ कुल कर्जा लगानी छ । त्यसको ३४ प्रतिशत कर्जा खराबमा गणना गरिएको छ । चालु आवको तेस्रो त्रैमास अवधिमा सबैभन्दा बढी खराबकर्जा राष्ट्रिय वाणिज्य बैंकको छ । राष्ट्रिय वाणिज्य बैंकको कुल खराब कर्जा ६ अर्ब ८७ करोड रूपैयाँ छ । यस्तै, कृषि विकास बैंकको ४ अर्ब १२ करोड, ग्लोबल आईएमई बैंकको ३ अर्ब ९५ करोड, नेपाल इन्भेष्टमेन्ट बैंकको ३ अर्ब ८७ करोड, नेपाल बैंकको ३ अर्ब ६४ करोड रूपैयाँ, नबिल बैंकको ३ अर्ब २२ करोड र एनएमबी बैंकको २ अर्ब ७ करोड रूपैयाा खराब कर्जा छ । सबैभन्दा कम खराब कर्जा भने नेपाल एसविआई बैंकको छ । जसको खराब कर्जा ०.१४ प्रतिशत अर्थात १५ करोड रूपैयाँ रहेको छ ।

# नेप्सेमा दोहोरो अंकको वृद्धि



**काठमाडौं/रासस** – धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बुधबार दोहोरो अंकले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १४.३७ अंकले उकालो लागेर दुई हजार २३१.५७ मा पुगेको छ । त्यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २.४२ अंकले उकालो लागेर ४३५.० ९ मा पुगेको छ । नेप्से उकालो लागे पनि कारोबार रकम भने एक अर्बको हाराहारीमा सीमित भएको छ । कूल २२६ कम्पनीको २६ लाख ९४ हजार ४२९ कित्ता सेयर एक अर्ब चार करोड ४६ लाख २६ हजार ९३९ मूल्यमा कारोबार भए ।

नेप्सेका अनुसार कारोबार भएका १३ वटै उपसमूहको सेयर मूल्य उकालो लागेको छ । बैंकिङ ८.१९, व्यापार २ ९.२१, होटल तथा पर्यटन ०.०७, विकास बैंक २५.१८, जलविद्युत् ३०.२९, वित्त ९.५, निर्जीवन बीमा १३४.५१, उत्पादन ३०.४९, अन्य ८.९६, लघुवित्त २९.०२, जीवन बीमा ६६.५१, सामूहिक लगानी कोष ०.०७ र लगानी ०.११ अंकले उकालो लागेको छ । कारोबारका आधारमा माथिल्लो तामाकोसी शीर्ष स्थानमा छ ।

# गरिमाका ग्राहकलाई ब्लुक्रस हस्पिटलको सेवामा छुट




**काठमाडौं/मस** – गरिमा विकास बैंकले काठमाडौंको त्रिपुरेश्वरमास्थित ब्लुक्रस हस्पिटलसँग सम्झौता गरेको छ । बैंकले ग्राहकलाई हस्पिटलले प्रदान गर्ने विभिन्न स्वास्थ्य सेवामा आर्कषक छुटको लागि सम्झौता गरेको हो । यस सम्झौता अनुसार ब्लुक्रस हस्पिटलले बैंकका मोबाईल बैंकिङ तथा डेबिट कार्ड प्रयोगकर्तालाई स्ट्यान्डर्ड हेल्थ प्याकेज र वार्षिक हेल्थ स्क्रीनिङ्ग प्याकेजमा ४५ प्रतिशतसम्मको छुट प्रदान गर्नेछ । साथै, अन्य स्वास्थ्य सेवाहरुमा पनि अस्पतालले छुट प्रदान गर्नेछ ।

हाल, यस विकास बैंकले नेपालभर ११९ शाखा कार्यालय, १ एक्स्टेन्सन कार्यालय एवं ५१ एटिएमबाट सरल, सुलभ तथा गुणस्तरीय बैकिङ सेवा दिदै आईरहेको छ ।

# राष्ट्र बैंकको सञ्चालकमा डा. आचार्य र शिवाकोटी नियुक्त





**काठमाडौं/मस** – नेपाल राष्ट्र बैंकको सञ्चालकमा डा.शंकरप्रसाद आचार्य र चिन्तामणि शिवाकोटी नियुक्ती भएका छन् । आचार्य र शिवाकोटीलाई मन्त्रिपरिषद्को बैठकले राष्ट्र बैंकको सञ्चालकमा नियुक्त गरेको हो । आचार्य राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक हुन भने शिवाकोटी पूर्व डेपुटी गभर्नर हुन् ।

राष्ट्र बैंकका सञ्चालकद्वय श्रीराम पौडेल र रामजी रेग्मीको पदावधि गत वैशाखमा सकिएको थियो । सो बेलादेखि रिक्त रहेको संचालकहरु अहिले नियुक्त गरेको हो । राष्ट्र बैंकको सञ्चालकको लागि चिन्तामणी सिवाकोटी, डा. शंकरप्रसाद आचार्य र दिलीप ढुंगानाको नाम सिफारिस भएको थियो ।

# कस्तो छ भिभोको भी २३ सिरिजको स्मार्टफोन ?




**काठमाडौं/मस** – भिभो लाईयसको क्यामेरा प्रविधिले अन्य स्मार्टफोनहरू भन्दा भिन्न बनाएको छ । हालै नेपाली बजारमा उपलब्ध भएको भी सिरिजले मोहक तस्वीरहरू, भिडियोहरू, अल्ट्रा-वाइड ल्यान्डस्केपहरू, सेल्फी खिच्ने कम्पनीले बताएको छ । भी २३ फाइभजीमा आई अटोफोकस रकस्टुमाइज्ड जेएनभी सेन्सरको साथ ५०एमपी पार्ट्रेट सेल्फी प्रयोग गरेर हाइपर-क्लियर पार्ट्रेट/तस्वीर खिच्न सकिन्छ । स्मार्टफोनमा डुअल टोन स्पटलाइट र अगाडि एआई एक्स्ट्रिम नाइट पोट्रेट रहेको छ । जसले अँध्यारो वातावरणमा एकदमै स्पष्ट र क्लियर शटहरू क्लिक गर्न सक्छ । भी २३ फाइभजीको ट्रिपल रियर क्यामेरा मोड्युलको बारेमा कुरा गर्दा, यसमा ६४ एमपी जीडब्लू १ सुपर-सेन्सिङ क्यामेरा, ८ एमपी वाइड-एंगलक्यामेरा र २ एमपीम्याक्रो क्यामेरासँगै सुपर नाइट मोड छन् । यी फिचरहरुको साथ सामग्री सिर्जनाकर्ताहरूले सोशल मिडिया पोष्ट गर्ने तस्बिरको गुणस्तरको बारेमा चिन्ता गर्नुपर्दैन ।

भी २३ ई भिभोले सार्वजनिक गरेको एक सर्वोत्कृष्ट मोडल हो । यस स्मार्टफोनमा ५० एमपी अटोफोकस पार्ट्रेट सेल्फी क्यामेरा रहेको छ । जसलाई हाल बजारमा सबैभन्दा शक्तिशाली मानिन्छ । भी २३ ई माआइसोशेल ३.० छ । जसले प्रकाशको संवेदनशीलतालाई सुधार गर्छ । पछाडिको भागमा, भी २३ ई मा ६४ एमपी नाइट क्यामेरा, ८ एमपी सुपर वाइड-एंगलक्यामेरा र २ एमपीम्याक्रो क्यामेराको ट्रिपल क्यामेरा सेटअप छ । यसको सुपर नाइट मोडले प्रकाश र छायाको सन्तुलनमिलाएर जीवन्त तस्वीरहरु कैद गर्दछ ।

# अजोड इन्स्योरेन्सको सीइओमा दोहोरिए कुमार खत्री



**काठमाडौं/मस** - अजोड इन्स्योरेन्स कम्पनी लिमिटेडले प्रमुख कार्यकारी अधिकृतमा कुमारबहादुर खत्रीलाई पुनः नियुक्त गरेको छ ।

खत्रीलाई दोस्रो कार्यकालका लागि निरन्तरता दिने कम्पनी बोर्डको निर्णय तथा प्रस्तावलाई बीमा समितिले स्वीकृति दिएको छ । समितिले जेठ ९ मा स्वीकृति दिएको हो । यससँगै उनी अब थप चार वर्षका लागि अजोडको सीईओको भूमिकामा रहने भएका छन् ।

कम्पनीको संचालक समितिको १०४ औं बैठकको खत्रीलाई चार वर्षका लागि दोस्रो कार्यकाल थप गर्ने निर्णय गरेको थियो । सोपछि कम्पनीले स्वीकृतिका लागि समितिमा पठाएको थियो ।

# महालक्ष्मीले कर्पोरेट क्रिकेट प्रतियोगिता आयोजना गर्ने

**काठमाडौं/मस** - महालक्ष्मी विकास बैंकले कर्पोरेट क्रिकेट प्रतियोगिता आयोजना गर्ने भएको छ । काठमाडौंमा हुने प्रतियोगिता १० ओभरमा खेलाइने बैंकले जनाएको छ । बैंकले बुधबार पत्रकार सम्मेलनको आयोजना गरेर प्रतियोगितामा सहभागी हुने टिमको विभाजन तथा जर्सी वितरण गरेको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत बोधराज देवकोटाले प्रतियोगितामा सहभागी हुने टिमका क्याप्टेनलाई जर्सी हस्तान्तरण गरे ।

सीइओ देवकोटाले बैंकले खेलकुदलाई प्रवर्द्धन गर्न तथा बैंक तथा कर्पोरेट क्षेत्रमा खेलकुदको महत्व बढाउनको लागि प्रतियोगिता आयोजना गरेको जानकारी दिए । प्रतियोगितामा बैंक तथा वित्तीय संस्थाका १६ टिम सहभागी हुने छन् ।


## बारबर्दिया नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**जयनगर, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने सम्बन्धी तिन दिने आशयको सुचना

**प्रकाशन मिति २०७९/०२/१२**

यस कार्यालयबाट मिति २०७८/११/२३ गते प्रकाशित सूचना अनुसारका तपशिलको निर्माण कार्यको ठेक्का बन्दोबस्तीका लागि तपशिलका बोलपत्रदाताको बोलपत्र प्रस्तावहरु न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | निर्माण कार्य | स्वीकृत व्यवसायीको नाम | स्टिमेट अङ्क | कबोल अङ्क भ्याट समेत रु. |
|---|---|---|---|---|---|
| १. | MG/W/NCB/ BMO/Road Upgrading- ०१/२०७८/०७९ | गुलरा पुल- कौवाफाँटा- नर्सरी भोसु थारुको घर सडक स्तरोन्नति कार्य | कन्काइ कन्स्ट्रक्शन एण्ड कन्सर्न, बारबर्दिया, ६, बर्दिया | २४२४४०४.७८ | १४४६८६६।१६ |
| २. | MG/W/NCB/ BMO/Road Upgrading- ०२/२०७८/०७९ | बकलभार - खल्ला कतर्निया कृषि सडक स्तरोन्नति कार्य | प्रशान्त निर्माण सेवा, खजुरा गा पा - ३, बाँके | २९०९५७८.६० | १५४६६१०.९१ |
| ३. | MG/W/NCB/ BMO/Road Upgrading- ०३/२०७८/०७९ | हर्नवा-घुस्रा -सिमरहवा सडक स्तरोन्नति कार्य | धैर्यता निर्माण सेवा, रामारोशन- ३, अछाम | ३८२१८११.६० | २१३९२३१.६७ |

**प्रमुख प्रशासकीय अधिकृत**

## शम्भुनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कठौना, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

### शिलबन्दी स्वीकृत गर्ने आशय पत्रको सूचना

**प्रकाशित मितिः २०७९/०२/१२**

यस कार्यालयको मिति २०७९ साल बैशाख ५ गतेमा राष्ट्रिय दैनिक पत्रिका मध्यान्हमा प्रथम पटक प्रकाशित सूचना बमोजिम देहायका निर्माण कार्य गर्नको लागि रित पुर्बक दर्ता हुन आएको शिलबन्दी दर भाउ पत्र न्युनतम मुल्यांकन सारभूत रुपमा प्रभावग्राही भई यस कार्यालयको मिति २०७९/०२/०६ गतेको निर्णय अनुसार स्वीकृतिको लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप दफा २ को प्रयोजनार्थ सम्बन्धि सबैको जानकारीको लागि यो सूचना प्रकशित गरिएको छ ।

**तपशिल**

| क्र. स. | ठेक्का नं. | कार्यको बिबरण | कबोल अंक मु.अ.कर समेत | सारभूत प्रभावग्राही फर्मको नाम ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | 34/SQ/ SHMUN/ MED/2078/079 | सप्लाई एंड डेलिभरि अफ मेडिसिन एंड सर्जिकल आइट्मस | १४,६४,५०३.३९ | हेलपिंग हेल्थ पोलिक्लिनिक प्रा. लि. मैतिदेबी, काठमाडौं | |

**रन्जना साह**
**प्रमुख प्रशासकीय अधिकृत**


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**